# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

# सुदूरपश्चिम प्रदेश




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# सुदूरपश्चिम प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

## सुदूरपश्चिम प्रदेश



**नेपालका महालेखापरीक्षक**

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या : २०७६।७७
च.नं.: ६७

मिति : २०७७०३।३१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**विषयः वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,


(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | | |
| **प्रदेश सञ्चित कोष** | | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | | |
| **परिच्छेद १:** | | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ५ |
| **परिच्छेद ३:** | | **मन्त्रालय र निकायगत व्यहोरा** | ९ |
| | १. | प्रदेश सभा सचिवालय ........................................................................ | ९ |
| | २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ................................................. | १० |
| | ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय .................................................... | १२ |
| | ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय .................................................. | १६ |
| | ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय .............................................. | १८ |
| | ६. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय................................................ | २१ |
| | ७. | भौतिक पूर्वाधार विकासमन्त्रालय ........................................................... | २३ |
| | ८. | सामाजिक विकास मन्त्रालय ................................................................ | २७ |
| | ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय............................................................. | ३० |
| **परिच्छेद ४:** | | **प्रतिवेदन कार्यान्वयनको स्थिति**...................................................................... | ३१ |
| **परिच्छेद ५:** | | **सुधारका क्षेत्रहरु**.............................................................................................. | ३२ |
| | | **अनुसूचीहरु** ........................................................................................ | ३४ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानुनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । यस बर्ष प्रदेश अन्तरगतका निकायबाट कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्बजनिक सम्पत्ती र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १२७ निकायको रु २२ अर्व ८२ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. ८८ करोड २९ लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको ३.८७ प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानुन निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद ऐनको पूर्णपालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण

गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ। प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ। प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ। स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ। सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ। यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन। प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ। साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।७७
च.नं. : ७४

मितिः२०७७।०३।३०

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

श्रीमान्, सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी कैलाली ।

**विषय : प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले सुदूरपश्चिम प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु (**अनुसूची-१४**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससंग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समाबेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन ।

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. ८८ करोड २८ लाख ७४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५ करोड ४५ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३० करोड ५२ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. १३ करोड २९ लाख ७५ हजार र पेस्की बाँकी रु. ३९ करोड ८७ हजार रहेको छ ।

३. प्रदेश सरकारको स्थिर सम्पती मूल्याङ्कनका आधार र सम्पत्ति आर्थिक विवरणमा खुलासा गरेको छैन ।

४. प्रदेश सरकारको लागि रु.७ अर्ब ९२ करोड ४७ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये खर्च भई बाँकी रहेको रकमको अध्यावधिक हिसाब नराखेकोले खर्चको यथार्थता एकिन भएको छैन ।

५. प्रदेश सरकारको लागि रु.५ अर्ब ६७ करोड ९१ लाख सर्शत अनुदान, रु.८० करोड समपूरक अनुदान र रु ७८ करोड ७७ लाख विशेष अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म सर्शत र विशेष अनुदान गरि रु.२ अर्ब ४० करोड ३५ लाख मात्र खर्च भएको छ । अर्थात अनुदान रकमको ३७.०९ प्रतिशत मात्र रकम खर्च भएको छ भने समपूरक अनुदान तर्फको रकम खर्च नभई संघीय सञ्चितकोषमा फिर्ता भएको छ ।

६. राजस्व बाँडफाँड अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर बापत रु.४ अर्ब ४० करोड ४७ लाख र अन्तशुल्क रु.१ अर्ब ४० करोड ५९ लाख प्राप्त भएको देखिएको छ । प्राप्त हुनुपर्ने रकमको हिसाब राखेको छैन । त्यस्तै प्रदेश विभाज्य कोषमा प्राप्त भएको वन रोयल्टी र सवारी साधनको रु.६४ करोड ९१ लाख बाँडफाँड गरे तापनि प्रदेशले प्राप्त गर्ने अन्य प्रकारको राजस्वको हिसाब राखेको छैन ।

७. प्रदेश र स्थानिय तहबिच बाँडफाँड हुने राजस्व जम्मा हुने गरी खडा गरिएको प्रदेश बिभाज्य कोषको बेग्लै देखिने गरी हिसाब तयार गरेको देखिएन ।

८. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको सर्शत, समपूरक र बिशेष अनुदान मध्ये आषाढ मसान्त सम्म सम्बन्धीत स्थानीय तहमा खर्च नभै रु २ अर्ब २८ करोड २ लाख फिर्ता गर्न बाँकी रहेको छ । उक्त रकम यथार्थमा खर्च नभै प्रदेश सरकारबाट स्थानान्तरण भै स्थानीय तहको खातामा मौज्दात रहेको तर प्रदेश सञ्चितकोषमा खर्च देखाएको छ ।

९. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमीकमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(राममाया कुँवर)
उप महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणको प्रमुख उद्देश्य राखिएको छ । देहायका बिषयहरु सुनिश्चित गर्नु लेखापरीक्षणका अन्य उद्देश्य रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएको कार्यकम तथा बजेटबाट विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश र मातहतका कार्यालय समेत १२७ निकायको २०७५।७६ को आर्थिक कारोबारको वित्तीय लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृयासमेत लाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज, सम्बद्ध संस्था, पत्रकार, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरि प्राविधिकलगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४(३) अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरूजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु. हजारमा)

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम |
|---|---|---|
| १. प्रदेश कार्यालय | ११५ | **२१९३७०२७** |
| २. अन्य संस्था र समिति | १२ | **८८७८४१** |
| **जम्मा** | १२७ | २२८२४८६८ |

यो वर्ष प्रदेश मातहतका निकायको रु.२२ अर्ब ८२ करोड ४८ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १क, २ र ३** मा उल्लेख छ।

१. **सरकारी निकाय–** यो वर्ष ११५ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न |
|---|---|---|
| १. | विनियोजन | १३५९६२३६ |
| २. | राजस्व | ६९२३३१४ |
| ३. | धरौटी | १३०२५६६ |
| ४. | अन्य | ११४९११ |
| **जम्मा** | | **२१९३७०२७** |

❖ विनियोजनको लेखापरीक्षण सम्पन्न रकममा अन्य संस्था र समितिलाई दिएको अनुदान रु. ५६ करोड ७१ लाख ५६ हजार समिति तर्फको लेखापरीक्षण अंकमा समावेश छ। लेखापरीक्षण सम्पन्न र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२ र ५** मा उल्लेख छ।

२. **समिति र अन्य संस्था -** यो वर्ष १२ समिति र अन्य संस्थाको रु.८८ करोड ७८ लाख ४१ हजारको लेखापरीक्षण गरिएको छ। बिस्तृत विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-२ को मन्त्रालय खण्डमा समावेश छ।

३. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत र संक्षिप्त लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | १४७२०८१५ | **६९३०७८८** | ४७.१० |
| पुँजीगत | १०३४४७९९ | **७२३२६०३** | ६९.९२ |
| **जम्मा** | **२५०६५६१४** | **१४१६३३९१** | ५६.५१ |

५. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशस्थित मन्त्रालयहरुको खर्चको विवरण निम्नानुसार छ :

(रु. हजारमा)

| सि. नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजीगत खर्च | चालु खर्च | पूँजिगत खर्च |
| १. | प्रदेश सभामुख र उपसभामुख | ५६२५ | ० | २१८६ | ० |
| २. | प्रदेश सभा सचिवालय | १८९६३६ | ४२८२५ | ११८१०४ | ८२८५३ |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १२३०४ | १७९०० | ९०४९ | १५७९८ |
| ४. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०५२९७ | ३४४१९ | ७३९३३ | १६६०१ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६१०७८९५ | १७९२१५३ | २०२८५८३ | २४४८७ |
| ६. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ११२०९४ | ११०११४ | ९११९२ | ५६७३८ |
| ७. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६३१८६५ | ३४६४५६ | ८८४३७३ | २२२७६४ |
| ८. | भूमी व्यवस्था कृषि तथा  सहकारी मन्त्रालय | १२५८७१७ | १४९०९८ | ८९२४५१ | १११६७४ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३९३५०८ | ८८८५९०० | २३३६१८ | ५९६८७०८ |
| १०. | सामाजिक विकास मन्त्रालय | ३५३३८६० | ३३५९४८ | २५९७२९९ | ७३२९८० |
| | जम्मा | १३३५०८०१ | ११७१४८१३ | ६९३०७८८ | ७२३२६०३ |

६. **आय व्यय विवरणः** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

| स्रोत | २०७५।७६ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार तर्फ** | | | |
| समानीकरण अनुदान | ८४७४६५३ | ४७२५०३७ | ५५.७५ |
| सशर्त अनुदान | ६३२७८०० | ४४५४७४३ | ७०.४० |
| समपूरक अनुदान | २०००००० | ५३६१९ | २.६८ |
| विशेष अनुदान | २००००० | ४७८३३९ | २३९.१७ |
| जम्मा | १७००२४५३ | ९७११७३८ | ५७.१२ |

६.१. प्रदेश सरकारको कुल खर्च रु. ९ अर्ब ७१ करोड १७ लाख ३८ हजार संघीय अनुदानबाट व्यहोरेको छ भने सञ्चित कोषमाथि यो वर्ष रु २१ लाख ८६ हजार व्ययभार भएको छ।

७. **प्रदेशको बजेट संघीय कार्यालयमाः** प्रदेश सरकारको बजेटमध्ये संघीय सरकार अन्तर्गतका १८ कार्यालयको लागि रु.१८ करोड ९९ लाख ४२ हजार बजेट निकासा भई खर्च भएको छ । जुन खर्च रकम प्रदेश सरकारको सञ्चित कोषको हिसाबमा समावेश छ। यसको विवरण **अनुसूची-१२** मा संलग्न छ।

८. **सञ्चित कोषः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ र नियमावली २०७६ बमोजिम प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत विवरणमा प्रदेश सञ्चित कोष रु २२ अर्ब ८८ करोड २० लाख ९१ हजारको आय व्यय विवरण पेश भएको छ।

८.१. एकीकृत वित्तीय विवरणमा आयतर्फ राजस्व रु ६ अर्ब ९२ करोड ४८ लाख १३ हजार, संघीय सरकारबाट रु १७ अर्ब २४ लाख ५३ हजार अनुमान रहेकोमा रु १५ अर्ब १९ करोड १६ लाख १८ हजार हस्तान्तरित अनुदान (समानिकरण,सशर्त,समपूरक र विशेष) प्राप्त भएको छ।

८.२. व्यय तर्फ रु ६ अर्ब ९३ करोड २९ लाख ७३ हजार चालु खर्च रहेकोमा पारिश्रमिक  तथा सुविधामा रु ७९ करोड ९६ लाख ३४ हजार , अनुदान तर्फ रु २ अर्ब ४२ करोड ९७ लाख ८२ हजार तथा सामाजिक सुरक्षामा रु २१ करोड ७८ लाख ६३ हजार खर्च भएको छ भने पूँजीगतमा रु ७ अर्ब २३ करोड २६ लाख ३ हजार खर्च भएको छ। संघिय सरकारलाई फिर्ता हुने शसर्त, समपूरक र विशेष अनुदानको वचत रकम रु २ अर्ब २८ करोड २ लाख १६ हजार रहेको छ। यस वर्ष प्रदेश सञ्चित कोषमा वचत हुने रकम रु ६ अर्ब १० करोड ५७ लाख ५२ हजार रहेको छ।

९. **प्रदेश विभाज्य कोषः** प्रदेश विभाज्य कोषमा वन रोयल्टी ,संकलन र सवारी साधन कर गरी रु ६४ करोड ९१ लाख ११ हजार प्राप्त भएको छ। वन क्षेत्रको संकलन तथा रोयल्टी रकम रु २३ करोड ८२ लाख ५२ हजार संघीय विभाज्य कोषमा जम्मा भएको रकमको २५ प्रतिशत हो। सवारी साधन कर तर्फ रु ४१ करोड ८ लाख ५८ हजारमध्ये २०७६ आषाढ सम्म रु ३९ करोड ५६ लाख ८८ हजार प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड भै सकेको छ भने आषाढ पछि विभाज्य कोषमा प्राप्त रकम रु १ करोड ५१ लाख ७१ हजार बाँडफाँड हुन बाँकी रहेको छ।

१०. **राजस्व असुली –** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ। आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व तथा आयको विवरण निम्न अनुसार छ :

(रु. हजारमा)

| शीर्षक | राजस्व संकेत | राजस्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | ११००० | ५९६४६७८ | ९०.५० |
| गैरकर राजस्व | १४००० | ६१९००३ | ९.३९ |
| बेरुजु | १५१०० | ६७७२ | ०.१० |
| नगद मौज्दात | ३३१०० | ४७३ | ०.०१ |
| **जम्मा** | | **६५९०९२६** | **१००** |

यसको विवरण **अनुसूची-८** मा संलग्न छ।

१०.१. प्रदेश सरकारले राजस्व रकम रु.६ अर्ब ५९ करोड ९ लाख २६ हजार प्राप्त गरेको विवरणबाट देखिन्छ। बैंक विवरण अनसार रु ६ अर्ब ९२ करोड ४७ लाख ९० हजार र नगद रु.२३ हजार रहेको छ। राजस्व रकम रु.३३ करोड ३८ लाख ८७ हजार फरक रहेको छ। फरक रकम वन रोयल्टी तथा संकलनमध्ये संघीय विभाज्य कोषमा जम्मा भएको रकम शत प्रतिशत प्रदेशको बैंकमा देखिने तर सो रकमको ७५ प्रतिशत संघीय कोषमा रहने र २५ प्रतिशत प्रदेश विभाज्य कोषमा प्राप्त हुने भएकाले फरक परेको छ।

११. **कार्य सञ्चालन कोष :** प्रदेश अन्तर्गत ९ जिल्लाका ३६ कार्यालयबाट कार्यसञ्चालन कोष सञ्चालनमा रहेको छ। यस वर्ष  २८ सरकारी कार्यालयतर्फ रु.११ करोड ४९ लाख ११ हजार र ८ समितितर्फ रु.२९ करोड ९६ लाख ६८ हजार गरी जम्मा रु ४१ करोड ४५ लाख ७९ हजार कोषमा आम्दानी भएकोमा सरकारी कार्यालयतर्फ रु.५ करोड ७० लाख ८१ हजार तथा समितितर्फ रु.२६ करोड ६० लाख ९० हजार गरी रु.३२ करोड ३१ लाख ७१ हजार खर्च भई सरकारी कार्यालयतर्फ रु.५ करोड ७८ लाख ३० हजार र समितितर्फ ३ करोड ३५ लाख ७८ हजार गरी रु.९ करोड १४ लाख ८ हजार मौज्दात रहनेमा बैंकमा रु.९ करोड १२ लाख ७६ हजार रहेकोले  रु.१ लाख ३२ हजार फरक परेको रकम नगद मौज्दात रहेको छ।

१२. **कर व्यवस्था–** प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ। प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ। प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा पेश भएको  बजेटमा प्रदेशबाट कर तथा शुल्क बापत रु. ४९ करोड ३० लाख प्राप्त हुने लक्ष्य लिएको छ। प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४(३) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा २०७५।७६ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक स्रोत परिचालन गर्न प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने गरी व्यवस्था मिलाउने उल्लेख भए बमोजिम २०७५।७६ मा कर तथा गैह्रकर सम्बन्धी ऐन तर्जुमा भई आर्थिक ऐन, २०७५ जारी भएको छ।

१३. **वित्तीय हस्तान्तरणः** आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न छ :

(रु. हजारमा)

| स्रोत | बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ८४७४६५३ | २१८२७०७ | २५.७५ |
| सशर्त अनुदान | ६३२७८०० | २१८७३७ | ३.४५ |
| विशेष अनुदान | २००००० | २१६२१० | १०८.१० |
| समपूरक अनुदान | २०००००० | ०० | ०० |
| **जम्मा** | **१७००२४५३** | **२६१७६५४** | **१५.३९** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ८८ स्थानीय तहमा रु.२ अर्ब ६१ करोड ७६ लाख ५४ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको रकम सबैभन्दा बढी रहेको छ । विशेष अनुदानतर्फ बजेटभन्दा रु.१ करोड ६२ लाख १० हजार बढी निकासा दिएको छ ।

१४. **लेखापरीक्षण कार्यक्रम**: महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षण कार्यतालिकाअनुसार २०७५ श्रावणको चौथो हप्ताबाट प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो । यस प्रदेशभित्र २०७६ फागुन दोश्रो हप्तामा संघ, प्रदेश तथा स्थानीय तहका सबै सार्वजनिक निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय, समिति र अन्य संस्थाहरुले उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने, असुल फछ्र्यौट गर्नुपर्ने तथा कारवाही गरी फर्छ्यौट गर्नुपर्ने रकम देहायअनुसार रु.८८ करोड २८ लाख ७४ हजार रहेको छ: । यस सम्बन्धी विवरण **अनुसूची - ९ र १०** मा उल्लेख छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | गत वर्ष | यो वर्ष | जम्म रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारी निकायको बेरुजू | ५६४४ | ८४५८०१ | ८५१४४५ |
| २. | समिति तथा अन्य संस्था | ० | ३७०७३ | ३७०७३ |
| | | **५६४४** | **८८२८७४** | **८८८५१८** |

२. **बेरुजू वर्गीकरण –** यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू अङ्क निम्नानुसार छ :

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा बेरुजु | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजू** | **८४५८०१** | **३७०७३** | **८८२८७४** | **१००** |
| १. असुल गर्नुपर्ने | ४७९६१ | ६५८४ | ५४५४५ | **६.१७** |
| **२. नियमित गर्नुपर्ने** | **४०८०८५** | **३०१५७** | **४३८२४२** | **४९.६४** |
| ● अनियमित भएको | १११३८३ | २१५९२ | १३२९७५ | १५.०६ |
| ● प्रमाण कागजात पेस नभएको | २९६७०२ | ८५६५ | ३०५२६७ | ३४.५८ |
| ● जिम्मेवारी नसारेको | ० | ० | ० | ० |
| ● शोधभर्ना नलिएको | ० | ० | ० | ० |
| **३. पेस्की** | **३८९७५५** | **३३२** | **३९००८७** | **४४.१८** |
| ● कर्मचारी पेस्की | १२५५०६ | ० | १२५५०६ | १४.२१ |
| ● अन्य पेस्की | २१४३५६ | ३३२ | २१४६८८ | २४.३२ |
| ● प्रतितपत्र पेस्की | ४९८९३ | ० | ४९८९३ | ५.६५ |
| ● संस्थागत पेस्की | ० | ० | ० | ० |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची–९ र १०** मा उल्लेख छ ।

२.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्र्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७५।७६ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

२.२. सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र. सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू जम्मा | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७२६०३६१ | ३५७६६९ | ४०.५१ | ४.९२ |
| २. | सामाजिक विकास मन्त्रालय | ३७१४६८६ | ३०८५४५ | ३४.९५ | ८.३१ |
| ३. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १०२३०१४ | १२१५७४ | १३.७७ | ११.८८ |
| ४. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २२५५०४० | ४८२५० | ५.४७ | २.१४ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १५०७२३ | ३८१२० | ४.३२ | २५.२९ |
| ६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९०६६२ | ६१२० | ०.६९ | ६.७५ |
| ७. | प्रदेश सभा सचिवालय | २०६४७९ | २५९६ | ०.२९ | १.२५ |
| | **जम्मा** | **२२८२४८६८** | **८८२८७४** | **१००** | **३.८७** |

२.३. यो वर्ष १२७ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ५७ कार्यालय (४४.८८ प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४. प्रदेश कार्यालयको १ हजार ३ सय ११ दफा बेरुजू देखिएकोमा ९३९ दफा सैद्धान्तिक र ३७२ दफा लगती बेरुजू कायम भएको छ ।

२.५. सरकारी कार्यालय तथा समिति एवं अन्य संस्थातर्फसमेत लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु. ५ करोड ४५ लाख ४५ हजार मध्ये लेखापरीक्षणको दौरानमा रु. २९ लाख २ हजार, प्रतिक्रियाबाट रु. ६ लाख ६ हजार र सम्परीक्षणको क्रममा रु. ३ लाख १ हजारसमेत गरी रु. ३८ लाख ९ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

२.६. सरकारी कार्यालय तथा समिति एवं अन्य कार्यालयको गत वर्ष पेस्की नरहेको, यो वर्ष कर्मचारी पेस्की रु. १२ करोड ५५ लाख ६ हजार, मोविलाईजेशन पेस्की रु. २१ करोड ४६ लाख ८८ हजार र प्रतितपत्र पेस्की रु.४ करोड ९८ लाख ९३ हजार गरी जम्मा रु.३९ करोड ८७ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धि विवरण **अनुसूची-५** मा उल्लेख छ ।

२.७. सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ १८ निकायको रु. ३६ लाख ४८ हजार अग्रिम कर कट्टी गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

२.८. प्रदेश कार्यालयतर्फ समग्रमा यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | २६१९०५ | ५९५९ | २.२८ | ५९५९ | २.२८ |
| दोस्रो, २०७७ | *२२८२४८६८* | *८८२८७४* | ३.८७ | ४९२७८७ | २.१६ |

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

३. **कानुन निर्माण:** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन तर्जुमा गरी प्रदेश सभाबाट पारीत गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार २७ ऐन, २ नियमावली, २३ कार्यविधि, ९ निर्देशिका र ७ गठन आदेश तथा मार्गदर्शन तयार गरेको छ । प्रदेश लोकसेवा आयोग तथा प्रदेश प्रहरी सम्बन्धी कानुन तर्जुमा नभएको र प्रदेश प्रहरी गठन नभएको अवस्था छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने अन्य कानुन निर्माण गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन :** अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो को साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमानसमेत पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको अनुमान २०७५ आषाढ

१ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७५।७६ वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

४.१. सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएकोले आ.व. २०७५।७६ मा प्रदेश सरकारले आफ्नो अधिकारक्षेत्र भित्रको विभिन्न विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव गरी वार्षिक आय व्यय विवरण (बजेट) मा रु.४९ करोड ३० लाख राजस्वको अनुमान गरेकोमा रु.७० करोड ८ लाख संकलन भएको छ ।

४.२. यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत संघीय सरकारबाट प्राप्त हुने समानीकरणबाट प्राप्त हुने अनुदान रु.१७ अर्ब २४ लाख ५३ हजार, राजस्व बाँडफाँडबाट रु.७ अर्ब ५७ करोड १ लाख ६१ हजार प्रदेश सरकारको रु.४९ करोड ३० लाख गरी कुल बजेट रु.२५ अर्ब ६ करोड ५६ लाख १४ हजारमा रु.१४ अर्ब १६ करोड ३३ लाख ९१ हजार मात्र खर्च भएको देखिन्छ । मन्त्रालय र सो अन्तर्गत नयाँ स्थापना भएका संरचनाहरुले बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु पूर्ण रुपमा कार्यान्वयन गर्न नसकेको कारण प्रस्तावित बजेटको ५६.५१ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

४.३. यस आर्थिक वर्षको लागि रु.२५ अर्ब ६ करोड ५६ लाख १४ हजार विनियोजन भएको मध्ये चालु खर्चतर्फ रु.७ अर्ब ५५ करोड ३८ लाख ५ हजार (३०.१४ प्रतिशत) र पूँजीगततर्फ रु.१० अर्ब ३४ करोड ४७ लाख ९९ हजार (४१.२७ प्रतिशत) र अन्तरसरकारी हस्तान्तरण, भैपरी तथा अन्य विविधतर्फ रु ७ अर्ब १६ करोड ७० लाख १० हजार (२८.५९ प्रतिशत) विनियोजन भएको छ । उक्त विनियोजनमध्ये रु.१४ अर्ब १६ करोड ३३ लाख ९१ हजार खर्च भएकोमा चालुतर्फ रु.५ अर्ब ९३ करोड ५ लाख ६४ हजार (४१.८८ प्रतिशत) र पुँजिगततर्फ रु.७ अर्ब २३ करोड २० लाख २० हजार (५१.०७ प्रतिशत) र अन्तरसरकारी हस्तान्तरण तथा अन्य विविधतर्फ रु.९९ करोड ८६ लाख २० हजार (७.०५ प्रतिशत) मात्र खर्च भएको छ ।

४.४. भैपरी (चालु र पूँजीगत) तर्फ रु.३ अर्ब ७१ करोड ९९ लाख १ हजार विनियोजन गरेकोमा खर्च भएको छैन । प्रदेश मन्त्रालय अन्तर्गतका निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती निकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भए तापनि यस्तो खर्चलाई न्यून राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

४.५. आर्थिक वर्ष २०७५।७६ को आय व्यय अनुमान (बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम प्रादेशिक निकायहरुको सार्वजनिक खर्चमा मितव्ययिता, प्रभावकारिता कायम गर्न प्रदेश पदाधिकारीले प्रयोग गर्ने सवारी साधन र सञ्चालनको मापदण्ड तयार गरी लागु गरिने उल्लेख भएकोमा सो सम्बन्धित मापदण्ड तयार भएको देखिएन । प्रादेशिक विकास योजनाको नियमित नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रादेशिक विकास समस्या समाधान समिति गठन गरिने उल्लेख भएकोमा सो समिति गठन भएको छैन । त्यसैगरी बजेट कार्यान्वयनमा देखिने समस्या समाधान गर्न आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा बजेट अनुगमन निर्देशन समिति गठन गरिने उल्लेख भएकोमा सो समिति गठन भएको छैन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५. **उपभोक्ताको योगदानः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) क१ मा साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदानको अंश खुलाउनु पर्ने व्यवस्था गरेको छ । पूर्वाधार विकास कार्यालय कैलाली तथा जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालय डोटी लगायतका कार्यालयहरुले नियमावलीले गरेको व्यवस्था बमोजिम साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ताको अंश खुलाएका छैनन् । नियमावलीले गरेको व्यवस्था बमोजिम साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ताको अंश अनिवार्य खुलाई कार्य गराउनु पर्दछ ।

६. **वार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम (१) बमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सोही नियमको उपनियम (५) मा चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा

भवन कार्यालय, बैतडी तथा खानेपानी तथा सरसफाइ कार्यालय, बैतडी लगायतका ५ कार्यालयले खरिद योजना तयार गरेको भएपनि बजेट संशोधन पछि खरिद योजना संशोधन गरेका छैनन् । खरिद योजना सम्बन्धमा गत आर्थिक वर्षको प्रतिवेदनमा औंल्याइएकोमा कतिपय कार्यालयले यस वर्ष पनि सुधार गरेको देखिएन ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका ७ कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद नगरी रु.४ करोड ४७ लाख ९९ हजार बरावरको सामान सोझै खरिद गरेका छन् ।

८. **संगठन र कर्मचारी व्यबस्थापन:** प्रदेश सरकारलाई कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधिसम्म प्रदेश सभा सचिवालय, मन्त्रालय र अन्तर्गत १२७ कार्यालयहरुको लागि २ हजार ३ सय ११ दरबन्दी स्वीकृत भई १ हजार ७ सय ५४ समायोजन भएका छन् ।

९. **आन्तरिक नियन्त्रण:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरु प्रचलित कानुनबमोजिम दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय प्रतिवेदनहरुलाई विश्वसनीय बनाउने तथा लेखापरीक्षणबाट कायम भएका बेरुजू फर्छ्यौट गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था रहेको छ । ऐन जारी भएको २ वर्ष भै सकेको अवस्थामा समेत प्रदेश अन्तर्गतका सरकारी निकायहरुले आफ्नो र अन्तर्गतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन ।

१०. **कार्यालय स्थापना -** स्थानीय तहमा हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य सेवा सम्पादनका लागि प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः प्रदेश निर्देशनालयहरुको नाममा स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययिता हुने देखिएन । साथै कार्यमासमेत दोहोरोपन हुने देखिँदा दोहोरोपना नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

११. **सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३, अनुसूची १ को ३ (५) ले प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अर्न्तगत रहेका कृषि, वन, सिँचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अर्न्तगत रुपान्तरण भएको तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गर्ने कार्य भएको पाइएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१२. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ । यसैगरि प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई संयन्त्रको व्यवस्था र आवधिक रुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

# परिच्छेद –३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी कार्य तथा सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनकालागि प्रदेश संसदको काम कारवाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय गठन भएको हो ।

यो वर्ष विनियोजन रु.२० करोड ३१ लाख ४३ हजार, राजस्व रु.३ लाख ७० हजार र धरौटी रु.२९ लाख ६६ हजारसमेत रु.२० करोड ६४ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **गत वर्षको पारिश्रमिक भुक्तानी :-** प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ प्रदेश प्रमुखबाट मिति २०७५।६।२१ मा प्रमाणित भई लागू भएको छ । उक्त ऐनमा प्रदेश समाभुख, उपसभामुख र माननीयहरुको पारिश्रमिक सपथ ग्रहण गरेको मिति देखि लागू हुने उल्लेख गरी २०७४।१०।७ गते शपथ गरेको मितिबाटै पारिश्रमिक रु.४४ लाख ४२ हजार भुक्तानी गरेको देखिएकोले भूत प्रभावित कानुन बनाई सुविधा भुक्तानी गरेको छ ।

२. **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । सचिवालयले संसदीय दलको कार्यालय भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७६।३।३१ सम्म कार्यसम्पन्न गर्ने सम्झौता गरी रु.४८ लाख ४४ हजार भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

३. **निर्माण कार्य :-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्दछ भन्ने व्यवस्था छ । सचिवालयले विभिन्न निर्माण कार्यहरु टुक्राटुक्रा गरी रु.२३ लाख ८४ हजार खर्च गरी कार्य गरेको छ । नियमावलीले गरेको व्यवस्था बमोजिम निर्माण कार्य गर्नुपर्दछ ।

४. **शीर्षक फरक पारी खर्चः** सचिवालयको निर्णयानुसार निजामती कर्मचारी, करार सेवाका कर्मचारी, सुरक्षाकर्मीहरुलाई ६० र ४० प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय अनुसार २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म भुक्तानी गर्दा रु.२५लाख ८६ हजार विविध शीर्षकबाट खर्च लेखेको छ । शीर्षक फरक पारी खर्च गरेको देखिएकोले शीर्षक फरक पारी गरेको खर्च नियम सम्मत देखिएन ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष रु.२५ लाख ९६ हजार बेरुजू देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष  सरकारी कार्यालयतर्फको विनियोजन रु.८ करोड २९ लाख र अन्य संस्था तथा समितितर्फको विनियोजन रु.७६ लाख ३४ हजारसमेत गरी रु.९ करोड ५ लाख ३४ हजार, राजस्व रु.३५ हजार, धरौटी रु.१९ हजार र कार्यसञ्चालन कोष रु. ७४ हजारसमेत रु.९ करोड ६ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्यसम्पादन -** यस आर्थिक वर्षमा कार्यालयले छाउपडी नीति तर्जुमाको लागि जिल्लाबाट राय सुझाव संकलन गर्ने कार्य गरेको, न्यायिक समितिका पदाधिकारीको लागि अभिमुखिकरण कार्यक्रम, जनतासँग मुख्यमन्त्री रेडियो कार्यक्रम तथा हेलो सि.एम. र संगठन व्यवस्थापन तथा सर्भेक्षण लगायतका कार्यहरु गरेको छ । प्रदेश लोकसेवा आयोगको गठनपश्चात कर्मचारी भर्ना प्रक्रिया प्रदेश कार्य विभाजन नियमावलीले तोकेका कार्यहरुमध्ये सम्पादन गर्न बाँकी कानुनहरुको तर्जुमा, प्रदेशभित्र विपद् व्यवस्थापन कार्यमा समन्वय गर्ने र प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको आवश्यक अनुगमन र नियमन गर्ने कार्यमा कार्यालयले थप प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

२. **कार्यक्षेत्र** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले गरेको व्यवस्था बमोजिम मानव अधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार, प्रदेश स्तरिय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयनतर्फ कानुन निर्माण गर्नुपर्ने देखिन्छ । प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन र स्थानीय तहका कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा लगायतका कार्यक्रम निर्माण समेत यस कार्यालयको कार्यक्षेत्र रहेको छ । सो तर्फ कानुन तर्जुमा र कार्यान्वयन हुन बाँकी रहेको देखिएकाले सो कार्य सम्पन्न गर्नुपर्दछ ।

३. **समिति गठन -** प्रादेशिक विकास योजनाको नियमित नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रादेशिक विकास समस्या समाधान समिति गठन गरिने उल्लेख भएकोमा सो समिति गठन भएको छैन । त्यसैगरी बजेट कार्यान्वयनमा देखिने समस्या समाधान गर्न आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा बजेट अनुगमन निर्देशन समिति गठन गरिने उल्लेख भएकोमा सो समिति पनि गठन भएको छैन । प्रदेशको समग्र विकासको लागि यस्ता महत्वपूर्ण समितिहरु समयमा नै गठन गर्नुपर्दछ ।

४. **प्रदेश सरकारको नीति** - सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ७ मा प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरुको बारेमा उल्लेख गरिएको छ । नीतिमा उल्लेख भएबमोजिम समाजवाद उन्मुख गरिबी निवारण गरी समृद्धि हासिल गर्ने, सामाजिक न्याय, प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा समुचित व्यवस्थापन, महिला सशक्तिकरण तथा लैंगिक न्यायको विकास लगायत नौ वटा नीति अख्तियार गरेको उल्लेख छ । प्रदेश सरकारले अख्तियार गरेको उक्त नीतिहरु कार्यान्वयनको क्रममा तर्जुमा भएका कानुन र सोको कार्यान्वयको प्रगति प्रतिवेदन तयार नगरेकोले नीति कार्यान्वयन स्थिति यकिन हुन सकेन ।

५. **प्रदेश समन्वय परिषद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नितिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिष्द रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था रहेको छ । परिषद्‌को मिति २०७६।२।१२ को निर्णयबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्दा औचित्यलाई ध्यानमा राखी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यक्रममा दोहोरोपना नहुनेगरी कार्यक्रम तर्जूमा गर्ने, प्रदेशस्तरिय विकास कार्यक्रमहरु निर्धारण गर्दा प्रदेश सरकार र स्थानीय तहबीचको समन्वयलाई ध्यान दिने र सामाजिक कुरितीहरु, खासगरी

छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय छुवाछुत प्रथा र घरेलु हिंसालाई निर्मुल गर्न आगामी आर्थिक वर्षहरुमा अभियानको रुपमा सञ्चालन गर्ने विषय उल्लेख भएकोमा उक्त कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्दै जानुपर्दछ ।

६. **मुख्यमन्त्री विपद् व्यवस्थापन कोष -** कार्यालयले स्थापना गरेको मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा प्रदेश व्यवस्थापिका सांसदहरुले सहयोग स्वरुप रु.१ लाख ४५ हजार उपलब्ध गराएका छन् । कोषमा रकम प्राप्तिको स्रोत र सो खर्चको कार्यविधि तयार गरेको देखिएन । उक्त कोषको कार्यविधि बनाई आम्दानी र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

७. **जिन्सी मूल्याङ्कन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० अनुसार कार्यालय प्रमुखले वर्षमा कम्तीमा १ पटक आफैं वा प्राविधिक कर्मचारी खटाई जिन्सी मालसामानको निरीक्षण गराई प्रतिवेदन लिखित रुपमा दिई राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षणको मूल्याङ्कन गरी प्रतिवेदन पेश गरेको छैन । जिन्सीको बार्षिक मौज्दातको विबरण पेश भएको छ । सो अनुसार मर्मत गर्नुपर्ने मालसामान भए ३ महिना भित्र, मर्मत र लिलाम गर्नुपर्ने भए ६ महिना भित्र लिलाम गरी जिन्सी अद्यावधिक राख्नुपर्दछ ।

८. **लक्ष्य तथा प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गरेको देखिएन । स्वीकृत ढाँचामा वार्षिक कार्यक्रम तर्जुमा गरी वार्षिक प्रगति समीक्षा गर्नुपर्दछ ।

९. **अनुदान -** कार्यालयले आर्थिक वर्षको अन्तिममा २०७६।३।२९ गते निजामती कर्मचारी आवासीय माध्यमिक विद्यालय दिपायलको खातामा रु.६० लाख अनुदान निकासा दिएको छ । विद्यालय सञ्चालनको लागि प्राप्त रकम आर्थिक वर्षको सुरुमै निकासा दिनुपर्ने र सो खर्चको अनुगमन प्रतिवेदन लिई यथार्थ खर्च भएको सुनिश्चित गर्नुपर्नेमा यस आर्थिक वर्षमा कुनै पनि कार्य सञ्चालन गर्न नसकिने अवस्थामा निकासा दिएकोले अनुदान रकमबाट सम्पादित कार्य यकिन गर्ने अवस्था देखिएन । अतः समयमा निकासा नदिने पदाधिकारीलाई जिम्मेवार बनाई अनुदान रकमको उद्देश्यमूलक उपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

१०. **अनुगमन** - गत वर्ष प्रदेशको लागि आवश्यक कानुन, नियमावली एवं कार्यविधि यथाशीघ्र निर्माण गर्नुपर्ने, सोझै खरिद गरेको तथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको भनी औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालय र सो अन्तर्गत लेखापरीक्षणबाट लगती बेरुजू रु.६१ लाख २० हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो

यो वर्ष मन्त्रालय र मातहत १ कार्यालय समेतको विनियोजन रु.२ अर्ब ५ करोड ३० लाख ७० हजार, राजस्व रु.६ अर्ब ४ करोड ३० लाख ८ हजार, धरौटी रु.१६ लाख १९ हजार र कार्यसञ्चालन कोष रु.११ लाख ३७ हजारसमेत रु.८ अर्ब ९ करोड ८८ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक प्रगति -** मन्त्रालयले वार्षिक कार्यक्रममा तोकिएका कार्य तोकिएको समयमा सम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ । मन्त्रालयले वार्षिक कार्यक्रममा तोकिएको ७ क्रियाकलापमध्ये ५ मा शतप्रतिशत प्रगति हासिल गरी बाँकी २ मा घटी प्रगति हासिल भएको देखिन्छ ।

२. **नीति कार्यान्वयन -** वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित सार्वजनिक खर्चका सम्बन्धमा ऐन, कानुन, कार्यविधि र मापदण्ड तर्जुमालाई तदारुकताका साथ लगिने, वित्तीय अनुशासनको पालना सार्वजनिक निकायबाट भएका खर्चको सार्वजनिकीकरण गर्ने, भ्रष्टाचार सम्बन्धमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तोकिए बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनुपर्दछ ।

३. **प्रदेश स्वरोजगार कोष -** सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ तथा सो अनुरुपको कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने प्रदेश मन्त्रिपरिषदले २०७६।३।२४ मा निर्णय गरेको छ । प्रदेश स्वरोजगार विकास कोष स्थापनाको लागि रु.१ अर्ब बजेट व्यवस्था भएकोमा मन्त्रालयले २०७६।३।३० मा उक्त रकम कार्यसञ्चालन कोषमा ट्रान्सफर गरेको छ । प्रदेश स्वरोजगार विकास कोषसम्बन्धी नियमावली तयार नभएको, प्रदेश स्वरोजगार विकास कोष ऐनको उद्देश्य कार्यान्वयनका लागि यस्तो कोष खडा गरी रिभल्भिङ फण्डको रुपमा प्रयोगमा ल्याउनुपर्नेमा बर्षान्तमा ऐनबमोजिम स्थापित कोषको खातामा रकम ट्रान्सफर गरेको छ । उक्त कोषको रकम खर्च गर्ने आवश्यक योजना र कार्यविधि स्वीकृत गरी कोषलाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा कार्य गर्न बाँकी देखिन्छन् । तोकिएका कार्य जिम्मेवारीको सूची बनाई कार्यन्वयनमा नआएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि व्यहोरा देखिने गरी कार्य जिम्मेवारीको सूची र सोको कार्यान्वयन समय तालिकासमेत तयार गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्नेतर्फ थप प्रभावकारिता ल्याउनुपर्दछ ।

५. **वर्षान्तको खर्च -** प्रदेश ट्रेजरी पोजिसन अनुसार आषाढ महिनामा चालुतर्फ रु.३ अर्ब २७ करोड ८० लाख ४३ हजार र पूँजीगततर्फ रु.४ अर्ब २१ करोड ३५ लाख ३३ हजार गरी रु. ७ अर्ब ४९ करोड १५ लाख ७६ हजार रही कूल खर्चको अनुपात ५२.९० प्रतिशत रहेको छ । वर्षान्तमा आई खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

६. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) बमोजिम तथा प्रदेश विनियोजन ऐन, २०७५ अनुसार तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । कूल बजेट रु.२५ अर्ब ६ करोड ५६ लाख १४ हजारमा प्रदेश पूर्वाधारतर्फ रु.१ अर्ब ९९ करोड ८९ लाख १६ हजार र स्थानीय तह समपूरक र विशेष अनुदानतर्फको अनुदान र अर्थ विविधको रु. १ अर्ब २८ करोड ३५ लाख ७८ हजार घटाउँदा हुन आउने रु.७१ करोड ५३ लाख ३८ हजार विभिन्न शीर्षकमा रकमान्तर गरेको छ ।

७. **मध्यकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ बमोजिम मध्यकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफलसमेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको संरचना तयार गर्नुपर्नेमा प्रदेशको आवधिक योजना र परियोजना बैंकतयार नभएको कारण राजस्व र व्ययको अनुमानको प्रस्ताव साथ पेश गर्नुपर्ने मध्यकालीन खर्च संरचना बमोजिम कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन । आवधिक योजना अभावमा मध्यकालीन खर्चको संरचना विश्वासपूर्ण नरहने हुँदा दुवै विषयमा समन्वयसमेत गर्नुपर्दछ ।

८. **बजेट सीमा र मार्गदर्शन** - प्रदेश आर्थिक ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याँईका लागि आवश्यक विवरण समेत खुल्ने गरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेट अनुकूल हुने गरी तयार नहुँदा लेखापरीक्षणको मूल्याङ्कनमा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याँईपरक हुनुपर्ने देखिन्छ । साथै बजेट तर्जुमा गर्दा नै दीगो विकास लक्ष्यसँग समन्वयसमेत गरिनुपर्दछ ।

९. **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम बजेट प्रस्ताव गर्दा नै विनियोजन दक्षतालाई बोधगम्य गरी योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ । धेरै कार्यक्रम भन्दा उपलब्धी र समन्वय गर्न सकिने कार्यक्रम तथा बजेटलाई प्राथमिकतामा राखी बजेट खर्च र उपलब्धीको दक्षता बढाउनुपर्नेमा विनियोजन दक्षता २४ प्रतिशत भन्दा कम देखिएको छ । बजेट तथा कार्यक्रमको उपयोगको कार्य प्रक्रिया शुरु गर्ने तर खर्चको उपादेयता र महत्वलाई निकायहरुले स्थापित गर्न नसक्दा विनियोजन दक्षता कमजोर देखिएको छ ।

१०. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ अनुसार प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकम सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको अवस्थामा बजेट समर्पण गर्न लगाई रकमान्तर गर्न सकिने व्यवस्था छ । यो वर्ष सबै मन्त्रालयको लागि कार्यक्रममा विनियोजन भएको बजेटको खर्च प्रतिशत दोस्रो चौमासिकसम्म औषत ३० प्रतिशत भन्दा कम देखिएबाट बजेट आफैमा समर्पण सरह हुन गएको छ । बजेट र कार्यक्रम सन्तोषजनक रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

११. **सेवा प्रवाह** - संघीय शासन व्यवस्थाको प्रमुख लक्ष्य जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउने हो । सो उद्देश्यलाई पूरा गर्न आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सबल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ । विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्न बाँकी रहेको, राजस्व चुहावट सम्बन्धी नीतिको कानुन तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन जरुरी देखिएको छ ।

१२. **अनुदानको अनुगमन** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम विशेष प्रकारका पटके कार्यालय/आयोजना सञ्चालनमा कुनै संस्थालाई समानीकरण, सशर्त तथा विशेष अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चत गर्न सकिएन । प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं खर्चको सुनिश्चितता अपनाउनुपर्दछ ।

१३. **राजस्व** - राजस्वको शीर्षकहरुमध्ये घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर तथा अन्य गैर करहरु समेत प्रदेश र स्थानीय तह दुवैको साझा अधिकारक्षेत्र भित्र रहेकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने व्यवस्था छ । सो अनुरुप प्रदेश सरकारले रु. ४६ करोड ३३ लाख ३१ हजार तथा संघीय सरकारले संकलन गर्ने अधिकारक्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकमको १५ प्रतिशत तथा रोयल्टीबाट संकलन भएको २५ प्रतिशत रु.५ अर्ब ८१ करोड ७ लाख १२ हजार समेत रु.१० अर्ब ४८ करोड ९७ लाख ३८ हजार प्रक्षेपण गरेकोमा सो को यथार्थ असुली रु.६ अर्ब ९२ करोड ४७ लाख ९० हजार रहेको विवरण पेश भएको छ ।

अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकम, विभाज्य कोषबाट प्राप्त हुने रकमको अभिलेख राखी प्राप्तिको अनुगमन गर्नुपर्ने देखिन्छ ।

१४. **बजेट अवण्डा** - विनियोजन ऐन, २०७५ अनुसार आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सञ्चित कोषबाट खर्च गर्न पाउने गरी कुल २५ अर्ब ५ करोड ९९ लाख ८९ हजारमा नबढाई निर्दिष्ट गरिएका कार्यक्रममा खर्च गर्न सकिने व्यवस्था गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले सो अनुसार बजेट बाँडफाँड गर्दा बजेट शीर्षक तथा कार्यक्रम यकिन नगरी रु.३३ करोड ५० लाख बजेट अवण्डा राखेको कार्यक्रमगत बाँडफाँडबाट देखिन्छ । बजेटमा अवण्डा राख्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुको स्वामित्वमा रहेका भौतिक सम्पत्ति विधिवत रुपमा प्रदेश सरकारमा हस्तान्तरण भै नआएको अवस्था छ । साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी प्रदेश सरकार मातहतमा ल्याउनुपर्नेमा उक्त कार्य हाल सम्म अद्यावधिक भएको छैन । यसले गर्दा स्थिर सम्पत्तिमा भएको राज्यको लगानी दुरुपयोग हुने अवस्था छ । प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य अविलम्ब सम्पादन गरी सम्पत्तिको हिसाब अद्यावधिक गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१६. **प्रदेश सञ्चित कोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश सरकारले यो वर्ष प्राप्त गरेको आय, अनुदान तथा सहायता र प्रदेश सरकार सञ्चालनको क्रममा भएका व्ययहरु समेत समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

(रु. हजारमा)

| (क) प्राप्ती | रकम |
|---|---|
| **१.गत वर्षको मौज्दात जिम्मेवारी** | **७६५६८५** |
| **२.राजस्व तथा अनुदान** | |
| २.१. कर राजस्व | ५९६४६७८ |
| २.२. अन्य राजस्व | ९५२८८८ |
| २.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू | ७२२२ |
| २.४.समानीकरण अनुदान | ७९२४७०० |
| २.५. समपुरक अनुदान | ८००००० |
| २.६. सशर्त अनुदान | ५६७९१५३ |
| २.७. विशेष अनुदान | ७८७७६५ |
| **३. वित्तीय व्यवस्था** | |
| ३.१. सोधभर्ना हुने गरी भएको खर्च | ० |
| ३.२. ऋण लगानी फिर्ता | ० |
| ३.३. शेयर बिक्री | ० |
| ३.४.बैदेशिक ऋण प्राप्ती | ० |
| **४.अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम** | **०** |
| **५.चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात** | **-८७१९८५३** |
| **६.विगत आर्थिक वर्षको खुद मौज्दात** | **०** |
| **७.बैंकबाट भुक्तानी नभएको खर्च समायोजन** | **११५३** |
| **जम्मा प्राप्ती** | **१४१६३३९१** |
| **(ख) भुक्तानी** | |

| | |
|---|---|
| **१.चालु वर्षको भुक्तानी** | |
| १.१.संचित कोष माथी व्यभार हुने रकममा खर्च | ० |
| १.२.विनियोजन ऐन द्धारा भएको खर्च (चालु) | ६९३०७८८ |
| १.३.विनियोजन ऐन द्धारा भएको खर्च (पूँजिगत) | ७२३२६०३ |
| १.४ बैंक समायोजन | ० |
| **२. वित्तिय व्यवस्था भुक्तानी** | |
| २.१.आन्तरिक ऋणको सावा भुक्तानी | ० |
| २.२.बाह्य ऋणको साँवा भुक्तानी | ० |
| २.३. ऋण लगानी तथा शेयर लगानी | ० |
| **जम्मा भुक्तानी** | **१४१६३३९१** |

१६.१. आर्थिक वर्ष २०७५/७६ मा सुदूरपश्चिम प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत रु.२ अर्व ६१ करोड ७६ लाख ५४ हजार ८८ स्थानीय तहमा हस्तान्तरण गरेको रकमम चालु बजेठमा निकासाको आधारमा खर्च देखाएको छ । उक्त रकम स्थानीय तहले खर्च गरी बााकी रहेको रकम सञ्चित कोषमा फिर्ता गरी हिसाव अद्यावधिक गरेको छैन ।

१६.२. प्रदेश तथा स्थानीय तहको साझा अधिकारक्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी प्राप्त भएको रकमको स्पष्ट देखिने गरी सञ्चित कोषमा आम्दानी बाँधेको छैन ।

१६.३. राश्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाँध्नुपर्दछ ।

१७. **खाता रोक्का -** सूदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३४ मा प्रत्येक वर्षको असार २५ गते भित्र प्रदेश अन्तर्गतका कार्यालयहरुले खाता बन्द गर्नुपर्दछ । असार २५ गते पश्चात भएको खर्चमा नियमावली बमोजिम कार्य भएको देखिएन । खाता बन्दी गरे नगरेको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयबाट अनुगमन गर्नुपर्दछ ।

१८. **आन्तरिक लेखापरीक्षण कार्यान्वयन :**सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ७६ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गरिने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यकता अनुसार नियमित गराई , प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल गरी बेरुजू सम्परीक्षण गराई राख्नुपर्ने कानुनी व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी औंल्याइएका बेरुजूहरुमा नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण अगावै बेरुजू सम्परीक्षण गराएको अवस्था छैन । आन्तरिक लेखापरीक्षणमा उल्लेख गरिएको बेरुजहरु अन्तिम लेखापरीक्षणमा समेत उल्लेख गर्नुपर्ने अवस्था छ । कानुनमा भएको व्यवस्था बमोजिम प्रदेश अन्तर्गतका सबै कार्यालयहरुले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु फछ्र्यौट गरी कानुनको अनुसरण गर्नुपर्ने देखिन्छ ।

१९. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने, कार्य जिम्मेवारी तोक्नुपर्ने, **कर्म**चारी दरवन्दी पदपूर्ति गर्नुपर्ने, सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालय र सो अन्तर्गत लेखापरीक्षणबाट लगती बेरुजू देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहत कार्यालय समेतको विनियोजन रु.१४ करोड ७९ लाख ३० हजार, राजस्व रु.१ लाख ९ हजार र धरौटी रु.२६ लाख ८४ हजारसमेत रु.१५ करोड ७ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कानुन निर्माण** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य लगायत विभिन्न कार्यहरु रहेको छ । मन्त्रालयले प्रदेश अन्तर्गत २७ ऐन, २ नियमावली, २३ कार्यविधि, ९ निर्देशिका र ७ गठन आदेश तथा मार्गदर्शनमा सैद्धान्तिक सहमति एवं राय परामर्श प्रदान गरेको छ । विभिन्न क्षेत्रसँग सम्बन्धित १० ऐन तथा कार्यविधि मन्त्रालयले नै निर्माण गरी प्रदेश सरकार सञ्चालनमा सहजता पुग्न गएको छ ।

२. **सवारी साधन खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गर्नुपर्ने, आवश्यक सामानको हकमा खरिद योजना तयार गर्नुपर्ने र खरिद कार्यको लागि आर्थिक स्रोत र रकमको पहिचान गर्नु पर्ने व्यवस्था गरेको छ । मन्त्रालयले सवारी साधन खरिदमा रु.५ करोड ३१ लाख ४१ हजार खर्च गरेको छ । मन्त्रालयको प्रयोजनको लागि रु.१ करोड ९८ लाख ५० हजारमा २ सवारी साधन खरिद गरेको छ भने प्रदेश प्रहरी सम्बन्धि कानुन तर्जुमा नभएको र प्रदेश प्रहरी गठन नभएको अवस्थामा मन्त्रालयले ९ प्रदेश प्रहरी कार्यालयको लागि भनि रु.३६ लाख ९९ हजारको दरले रु.३ करोड ३२ लाख ९१ हजारमा ९ थान पिक अप गाडी खरिद गरी भुक्तानी गरेको छ । कानुन बमोजिम कार्यालय गठन भई सञ्चालन नभएको अवस्थामा सवारी साधन खरिद गरी भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन ।

३. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग बमोजिम निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको पचास प्रतिशत रकम भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्य अभिवृद्धि कर खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले यो वर्ष खरिद भएको सवारीसाधनको कारोबारमा रु. ६२ लाख २६ हजार बराबरको मूल्य अभिवृद्धि कर भुक्तानी गरेको समयमा नै ५० प्रतिशतले हुने रु.३१ लाख १३ हजार कट्टा गरी दाखिला गर्नुपर्नेमा सो रकम दाखिला नगरेकोले दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

४. **राहत वितरण -** मन्त्रालयले दैवी प्रकोप उद्धार तथा राहत वितरण निर्देशिका, २०७५ अनुसार राहत वितरण गर्ने व्यवस्था छ । कञ्चनपुर जिल्लाका स्थानीय तहहरुलाई २०७५ सालमा आएको हावाहुरी प्रभावितहरुलाई रु.६७ लाख ५ हजार राहत वितरण गर्दा निर्देशिका अनुसार सर्जिमिन मुचुल्का, पीडितको नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस लगायतका कागजात राखी भुक्तानी गर्नुपर्नेमा सबै कागजात नराखी आंशिक कागजातको आधारमा मात्र भुक्तानी गरेको छ । निर्देशिकामा उल्लेखित कागजात बेगर रु १ लाख ११ हजार राहत वितरण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सम्बन्धित पीडितले राहत पाएको सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **कागजात पेश नभएको -** मन्त्रालयले प्रदेश मन्त्रिपरिषद्को मिति २०७६।२।२६ को निर्णयअनुसार प्रदेश भित्र रहेका ९ जिल्लाका दैवी प्रकोपबाट मृत्यु भएकाको लागि प्रति मृतक रु.१ लाख ५० हजार को दरले राहत उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रु.७८ लाख रकम निकासा गरेको छ । निकासा भएको रकम मध्ये ४ जिल्लाको रु.१५ लाख बरावरको कागजात पेश भएको छैन । नियमको पालना गरी राहत वितरण गरेको रकमको कागजात पेश गर्नुपर्दछ ।

**६.** **अनुगमन** - गत वर्षको प्रतिवेदनमा सेवा प्रवाहलाई आवश्यक पर्ने कानुन निर्माण गर्नुपर्ने, प्रदेश प्रहरी सेवा सञ्चालन गर्नुपर्ने, सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजू रु. ३ करोड ८१ लाख २० हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भू:स्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ अर्ब १० करोड ७१ लाख ३७ हजार, राजस्व रु.३० करोड २२ लाख ५४ हजार, धरौटी रु.७३ करोड ९७ लाख ४३ हजार र कार्यसञ्चालन कोष रु.१० करोड ५९ लाख ६ हजारसमेत रु.२ अर्ब २५ करोड ५० लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **ऐन, कानुन, नीति, मापदण्ड** - सुदूरपश्चिम प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कामको विभाजन अनुसार आवश्यक पर्ने कानुन, नीति तथा मापदण्ड र कार्यविधिहरु बनाउने उल्लेख छ । प्रादेशिक पर्यटन विकास, व्यापार वाणिज्य र बजार प्रतिस्पर्धा, कलकारखाना र औद्योगिकीकरण, व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुनको तर्जुमा, सार्वजनिक सेवा अत्यावश्यक सेवा, संघसँगको समन्वयमा कम्पनी स्थापना, प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन नियमन लगायतका विभिन्न १५ नीति कानुन मापदण्ड तयार गर्ने उल्लेख छ । त्यसै गरी ढुवानी परिवहन तथा कार्गो व्यवस्थापन, व्यापारिक फर्मको दर्ता नविकरण, खारेजी, भौगोलिक अध्ययन अनुन्धान र नक्साङ्कन, संघीय बर्गिकरण अनुसार स्टाण्डर्ड बर्गिकरण, उपभोक्ता हकहित संरक्षण, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, उपभोक्ता अदालत गठन सञ्चालन लगायत विभिन्न ६२ बिषयमा कार्यक्रमहरु सम्पादनको जिम्मेवारी तोकेको छ । बजेट वक्तव्यमा पनि नीतिगत, कानुनी एवं संरचनागत प्रवन्ध गरिने उल्लेख छ । मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्र ४ ऐन र ४ निर्देशिका तर्जुमा गरेको छ । विभिन्न ६२ विषयगत कानुन आवश्यक पर्नेमा कानुन र निर्देशिका गरी ८ वटा मात्र निर्माण भएको अवस्था भएकोले कार्यविभाजन नियमावली अनुसारको कार्यसम्पादन प्रभावकारी हुने देखिएन । मन्त्रालयले कार्यक्षेत्रसँग सम्बन्धित नीतिगत, कानुनी एवं संरचनागत प्रबन्ध गर्नुपर्दछ ।

२. **एकीकृत हिसाब** - मन्त्रालयको आ.व. २०७५।७६ को कूल विनियोजन संघीय सरकारतर्फ रु.१ अर्ब २२ करोड १६ लाख २७ हजार , राजस्व बाँडफाँडबाट रु. ८९ करोड ६९ लाख ८५ हजारसमेत रु.२ अर्ब ११ करोड ८६ लाख १२ हजारमा मन्त्रालय तथा अन्तर्गत कार्यालयलाई रु.१ अर्ब ११ करोड ७ लाख ८५ हजार निकासा खर्च भएको एकीकृत केन्द्रीय हिसाब विवरण मन्त्रालयले तयार गरेको देखिन्छ । कूल विनियोजन अनुसार मन्त्रालयले तयार पारेको आर्थिक बिवरणमा चालु खर्चतर्फ रु.८८ करोड ८० लाख २१ हजार तथा पूँजीगततर्फ रु.२२ करोड २७ लाख ६४ हजार समेत रु.१ अर्ब ११ करोड ७ लाख ८५ हजार खर्च प्रमाणित भएकोमा प्रदेश लेखाको एकीकृत आर्थिक बिवरणमा चालु खर्चतर्फ रु ८८ करोड ४३ लाख ७२ हजार तथा पूँजीगततर्फ रु.२२ करोड २७ लाख ६४ हजारसमेत रु.१ अर्ब १० करोड ७१ लाख ३६ हजार देखिएको छ । खर्च गर्ने तथा खर्चका लागि निकाशा दिने बीच रु.३६ लाख ४९ हजार हिसाब फरक देखिएको छ । एकीकृत हिसाब तयारीमा मन्त्रालयबाट जिम्मेवारी लिनुपर्दछ ।

३. **अनुदानको अनुगमन** - विशेष प्रकारका पटके कार्यालय तथा आयोजना सञ्चालनमा कुनै संस्थालाई अनुदान, समानीकरण, सशर्त तथा विशेष अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा रु.२१ करोड ४६ लाख २९ हजार निकासा खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चत गर्न सकिएन । प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं खर्चको सुनिश्चितता अपनाउनुपर्दछ ।

## डिभिजन वन कार्यालयहरु

४. **वन अतिक्रमण** - डिभिजन वन कार्यालय कैलाली र डंडेलधुराको अभिलेख बमोजिम कैलाली र डंडेलधुरा जिल्ला भित्र २२ हजार ४ सय ७९ हेक्टर वन अतिक्रमण भएको विवरण प्राप्त छ । वन ऐन,२०४९, को

दफा ४९(क) मा वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउन नपाउने उल्लेख छ । सोही ऐनको दफा ५०(क) मा यस्तो कसूर गर्नेलाई दण्ड सजायको व्यवस्था गरेको छ । डिभिजन वन कार्यालय, कैलालीको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना अनुसार २२ हजार १ सय १५ हेक्टर वनक्षेत्र अतिक्रमण भएको उल्लेख छ । विभिन्न क्षेत्रको अतिक्रमण हटाउने क्रममा डिभिजन वन कार्यालय कैलालीले ५० हेक्टर अतिक्रमण हटाइएको जनाएको छ । बाँकी अतिक्रमित क्षेत्र हटाउन स्थानीय सरोकारवाला एवं सुरक्षा निकायहरुसँग आवश्यक सहयोग एवं समन्वय गरी अतिक्रमण हटाउनुपर्दछ ।

५. **सोझै कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्य खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने, नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बिस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्यमा सिलवन्दी दरभाउपत्रको आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय धनगढीले वन पैदावर आपूर्ति समितितर्फ स्वीकृत कार्यक्रम स्थायी नर्सरी निर्माण तर्फ रु.१५ लाख तथा विरुवा उत्पादन तर्फ रु.१८ लाख गरी रु.३३ लाख बजेट विनियोजन गरेको छ । स्थायी नर्सरी निर्माण र विरुवा उत्पादन कार्य सोही नियमावली बमोजिम खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्नेमा सोझै कार्य गराई रु.२७ लाख ४२ हजार खर्च गरेको छ । नियमावलीले गरेको व्यवस्था बमोजिम खर्च गर्नुपर्दछ ।

६. **योजनाको कार्यान्वयन -** डिभिजन वन कार्यालय कैलालीको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना बमोजिम आर्थिक वर्ष २०७५।७६ मा गर्नुपर्ने वार्षिक कार्यक्रमहरु काठ दाउरा विक्री, ढुङ्गा गिट्टी वालुवा र जडिबुटिमा कार्यालयले उल्लेखनीय रुपमा कार्य सम्पादन गरेको देखिएन । कार्ययोजना बमोजिम उल्लेख गरिएको विषयमा न्यून प्रगति गरेको देखिन्छ । योजनामा उल्लेख भएबमोजिम वार्षिक लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

७. **वैज्ञानिक वन व्यवस्थापन -** डिभिजन वन कार्यालय, पहलमानपुरले राष्ट्रिय वन तथा सामुदायिक वन अन्तर्गत वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारीको लागि रु.३७ लाख ५३ हजार खर्च गरेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन व्यवस्थापन कार्य योजना तयार गर्दा सर्वप्रथम वनको पहिचान गर्नुपर्ने, कार्यविधिले तोकेको मापदण्ड पूरा गर्नुपर्ने, वनको संरक्षण गर्नुपर्ने, सिमाना संरक्षण गर्नुपर्ने, खोला, नदी, बाटो आदी वस्तुस्थितिको सर्वेक्षण गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ बमोजिम बिस लाख रुपैयासम्म लागत अनुमान भएको खरिदको लागि सार्वजनिक निकायको सूचीमा रहेका प्रस्तावदाताबाट प्रस्ताव आह्वान गरी प्रतिस्पर्धाको माध्यमबाट कार्य गराउनुपर्दछ । कार्यालयले उपर्युक्त नियम बमोजिम कार्य नगरी कार्यालयको अधिकृत कर्मचारीलाई पेस्की रकम उपलब्ध गराई कार्य गराएको छ । दर्तावाला प्रस्तावदाताबाट कार्य नगराई पहिचान खुलेको कुनै प्रमाण नभएको अवस्थामा वन प्राविधिक उल्लेख गरी वाह्य व्यक्तिसँग सम्झौता गरेको देखाई सादा भर्पाई राखी रकम भुक्तानी गरेको छ । कार्यविधि तथा सार्वजनिक खरिद नियमावली विपरित कार्य गराई भुक्तानी गरेकोले सो कार्यमा आर्थिक ऐन नियमको पालना गरेको देखिएन ।

८. **खोटो संकलन -** डिभिजन वन कार्यालय डडेलधुराको विवरण अनुसार यस वर्ष सरकारद्वारा नियन्त्रित वनबाट ८९,१५४ के.जी. खोटो निकासी भई रु. ६ लाख १५ हजार राजस्व प्राप्त भएको छ भने सामुदायिक वनबाट ६,८३,९२७ के.जी. खोटो निकासी भई सामुदायिक वनलाई रु. ५२ लाख ३८हजार रोयल्टी प्राप्त भएको देखिन्छ । खोटो संकलनको लागि नियमानुसार छनोट भएको श्री रोजिन एण्ड टर्पेन्टाइन (प्रा.) लि. र वन विभाग बीच मिति २०६३।११।१४ मा भएको करारनामाको बुँदा नं. ६ मा जिल्ला वन कार्यालयले तोकिदिएका रुखहरुबाट मात्र प्रा.लि. ले रुखहरु सुक्न, मर्न नपाउने गरी रिल प्रविधिबाट खोटो संकलन गर्न पाउने उल्लेख छ ।

८.१. लेखापरीक्षणको सिलसिलामा डडेलधुरास्थित वन क्षेत्रको स्थलगत निरिक्षण गर्दा अनियन्त्रित तरिकाले खोटो संकलन गरेको कारण अत्याधिक संख्यामा रुखहरु ढलापढा अवस्थामा रहेको, वनका रुखहरुमा आगो समेत लागेको अवस्था देखियो । सम्झौता विपरित ३ फिट गोलाईभन्दा कमका रुखहरुसमेत खोटो संकलनमा प्रयोग भएको स्थलगत रुपमा भागेश्वर गाउँपालिका क्षेत्र तथा इपुलेक क्षेत्रको अनुगमनमा देखियो । खोटो संकलन गर्दा रुखहरुको यथोचित व्यवस्थापन नगरी खोटो संकलनतर्फ मात्र केन्द्रित रहेको देखिएकाले सम्झौताको पालना गर्नुपर्दछ ।

८.२. डिभिजन वन कार्यालय डडेलधुरा र रोजिन एण्ड टर्पेन्टाइन (प्रा.)लि. सँगको करारनामाको मिति २०७३।२।९ मा भएको पूरक सम्झौताको बुँदा नं. ३ मा वन विभाग र उद्योग बीच मिति २०६३।११।१४ मा भएको सम्झौतामा उल्लेखित रहेका अन्य सबै प्रक्रिया तथा शर्तहरु (वातावरणीय परीक्षण लगायतका विषयहरु) दुबै पक्षले पालना गर्ने उल्लेख छ । मिति २०६३।११।१४ मा विभाग र उद्योग बीच भएको करारनामाको दफा १ मा तीन वर्ष भित्र खोटो संकलन गर्न वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ अनुसारको प्रक्रिया अपनाई स्वीकृत वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका सोधभर्ना वृक्षारोपण गरेर मात्र बार्षिक १ हजार ५ सय मे.टन सम्म खोटो संकलन गर्न सकिने प्रावधान भन्दा बढी छोड पूर्जी दिएको, प्रति हेक्टर माउ ५ रुख यकिन गरी आरक्षित गर्नुपर्ने, जस्ता शर्तहरु कम्पनीले पालना गरेको देखिएन । यसरी अनिबार्य दरले छोडनुपर्ने रुखको अवस्था समेतको बेवास्ता गरेको, प्रा.लि. ले टेपिङ्ग गर्न पाएका क्षेत्रमा आगलागीको उच्च सम्भाबना बढेको, यत्रतत्र तरिकाबाट खोटो संकलनका कारण अत्यधिक मात्रामा रुखहरु ढलापढा रहेको अवस्थामा वातावरणीय जोखिमको पक्षलाई बेवास्ता गर्दै दिइएको छोडपूर्जी लगायतका निर्देशन उपयुक्त देखिएन ।

८.३. करारनामाको दफा १८ बमोजिम प्रा.लि.ले गरेको कामहरुको कम्तीमा वर्षमा दुई पटक अनुगमन गरी अनुगमन प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पेश गर्नुपर्ने र यसका अतिरिक्त प्रत्येक आर्थिक वर्षको अन्त्यमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । जिल्ला वन कार्यालयले करारनामा बमोजिम अनुगमन गरी बार्षिक प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

९. **जडीवुटी विकास कार्यक्रम** - डिभिजन वन कार्यालय बझाङ्गले १० हजार विरुवा उत्पादन गर्ने कार्यको लागि रु १० लाखको लागत स्वीकृत गरेको छ । हिमाली लोपोन्मुख जडिवुटी संरक्षण संस्थासँग आशयपत्र माग गरी निजले पेश गरेबमोजिमको कवोल अंकमा ३० फिट लम्वाई १८ फिट चौडाईको क्षेत्रफलमा जडिवुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गरी १० हजार विरुवा उत्पादन गर्ने शर्त सहित मिति २०७६ आषाढ २० भित्र कार्य सम्पन्न गर्ने गरी २०७५ फागुन १७ मा सम्झौता गरेको छ । सम्झौता बमोजिम ४० प्रतिशतले हुने रु.४ लाख पेस्की उपलब्ध गराएकोमा पेस्की फर्छ्यौट नगरी पुनः रु.३ लाख कामको प्राविधिक मूल्याङ्कन बेगर भुक्तानी दिएको देखियो । साथै सम्झौता बमोजिम उक्त संस्थाले तोकिएको मितिमा काम सम्पन्न गरेको नदेखिएको, लेखापरीक्षण अवधिसम्म कामको प्रगति एवं मूल्याङ्कन समेत पेश हुन नआएकोले सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सो संस्थासँग भएको संझौता रद्द गरी भुक्तानी एवं पेस्की दिएको रु.७ लाख असुल हुनुपर्दछ ।

१०. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी तोक्नुपर्ने, दरवन्दी पदपूर्ति नभएको, सोझै खरिद, आन्तरिक नियन्त्रण र सेवा प्रवाह प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सरकारी कार्यालयतर्फ २६ निकायमा लेखापरीक्षणबाट लगती बेरुजू रु.४ करोड ८४ लाख ६ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट २ निकायको रु.१ लाख ५६ हजार फर्छ्यौट गरेकाले रु.४ करोड ८२ लाख ५० हजार बाँकी रहेको छ । सोमध्ये रु.३० लाख ६० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्ले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ अर्ब ४१ लाख २५ हजार, राजस्व रु. ७६ लाख ३० हजार, धरौटी रु.१ करोड ८ लाख २३ हजार कार्यसञ्चालन कोष रु. ४ लाख ३६ हजारसमेत रु. १ अर्ब २ करोड ३० लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **वर्षान्तको खर्च** - प्रदेश सञ्चित कोषअनुसार २०७६ जेष्ठसम्मको खर्च चालुतर्फ रु. ४१ करोड ३३ लाख २६ हजार, तथा पूँजीगततर्फ ५ करोड ४४ लाख ९५ हजारसमेत रु.४६ करोड ८८ लाख २१ हजार रहेकोमा आषाढ महिनामा मात्र चालुतर्फ रु.४७ करोड ९१ लाख २४ हजार तथा पूँजीगततर्फ रु.५ करोड ६१ लाख ७७ हजारसमेत कुल रु.५३ करोड ५३ लाख २ हजार रही कुल खर्चको अनुपातमा ५३.३१ प्रतिशत आषाढ महिनामा मात्र निकासा खर्च भएको अवस्था छ । वर्षान्तमा आई खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

२. **बजेट निष्कृय** - सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम तयार गर्दा कार्यान्वयन हुन सक्ने ठोस आधारसहितका उच्च लाभ लागतको आधारमा प्रतिफल दिने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यक्रम कार्यान्वयनको ठोस आधारबेगर रु.२ करोड २५ लाख बराबरका ३ योजना सञ्चालनका लागि बजेट स्वीकृत गरेकोमा उक्त योजना कार्यान्वयन गर्न नसकी बजेट फ्रिज गरेको छ । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन हुने किसिमले गर्नुपर्दछ ।

३. **अनुदान निकासा** - मन्त्रालयले आय आर्जन तथा उत्पादनमूलक कार्यका लागि अनुदान वितरण कार्यविधि,२०७५ बमोजिम प्रदेशअन्तर्गत ८८ स्थानीय तहका १०० सहकारी संस्थामार्फत उत्पादनमूलक कार्यक्रम सञ्चालनको लागि रु.१० करोड ९० लाख ५७ हजार अनुदान निकासा गरेको छ । अनुदान रकम सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम खर्च गरेको सुनिश्चितता हुने आधार तथा प्रमाण पेश गरेको छैन भने सो संस्थाको लेखापरीक्षण प्रतिवेदनसमेत प्राप्त भएको छैन । कार्यविधि तथा खरिद ऐन तथा नियमावलीबमोजिम अनुदान निकासा एवं खर्च भएको विषयमा मन्त्रालयले सूचकसहितको अनुगमन मूल्याङ्कन गरी उपलब्धिको सुनिश्चितता प्राप्त गर्नुपर्दछ ।

४. **समपूरक अनुदान** - मन्त्रालयले विभिन्न १३ सहकारी संस्थाको भवन निर्माणको लागि रु.१ करोड ३३ लाख आर्थिक वर्षको अन्तमा निकासा गरेको छ । अनुदान रकम आय आर्जन तथा उत्पादनमूलक कार्यका लागि अनुदान कार्यविधि,२०७५ बमोजिम संस्था छनौट गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम खर्च गर्नुपर्दछ । मन्त्रालयले सो कार्यविधिको पालना नगरी आर्थिक वर्षको अन्तमा एकै पटक स्वीकृत रकम निकासा दिएको छ । अनुदान रकम तोकिएको कार्यविधि बमोजिम खर्च भएको सुनिश्चित हुने गरी वार्षिक प्रतिवेदन तथा अनुगमन प्रतिवेदन मन्त्रालयले प्राप्त गरेको छैन । वित्तीय हस्तान्तरणअन्तर्गत निकासा दिएको उक्त अनुदान रकम वर्षान्तमा खर्च नभई बचत रहेको अवस्था छ । खर्चको अनुगमन गरी वर्षान्तमा बचत रहेको रकम सञ्चित कोष फिर्ता गर्नुपर्दछ ।

## कृषि ज्ञान केन्द्रहरु

५. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ मा ठेक्का वा सिधै खरिद गर्दा भुक्तानी रकमको १.५ प्रतिशतको दरले भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द, कञ्चनपुरले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा संरचना निर्माण सामग्री उपलब्ध गराएबापत ९ आपूर्तकलाई खरिद मूल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा कार्यालयले अनुदान भुक्तानी अंशमात्रमा अग्रिम करकट्टी गर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रु.९ लाख ३० हजार अग्रिम कर छुट हुन गएको छ । छुट भएको कर असुलउपर गरी संघीय राजस्वमा दाखिला गर्नुपर्दछ ।

६. **अनुदान वितरणमा प्रभावकारिता** - कृषि ज्ञान केन्द, डडेलधुराले विभिन्न ब्लक तथा पकेट क्षेत्र सञ्चालन गर्ने फर्म, समूहबीच उन्नत खेती , जैविक विषादी उत्पादनका लागि मेसिन, यन्त्र उपकरण खरिद गर्न

५०/५० प्रतिशत अनुदान व्यहोर्ने गरी सम्झौता गरेको छ । अनुदान प्राप्तिका लागि छनोट भएका फर्म,संस्था समूहलाई नै सिधै खरिद गर्न दिई उनीहरुले कार्यालयमा पेश गरेको बिलका आधारमा १३० समूहलाई कुल मूल्यको ५० प्रतिशतले हुने रु.४ करोड ८१ लाख १९ हजार कार्यालयले भुक्तानी गरेको देखियो । अनुदानमा फर्म, समूहले आफ्नो हिसाबमा खरिद गरेका यन्त्र औजार ,मेसिनहरुको गुणस्तर प्रमाणीकरण नभएको, खरिद गरिएका यी मेसिन जडान गरी सञ्चालन भए नभएको कार्यालयबाट अनुगमन नभएको, मेसिन यन्त्र औजारको सञ्चालनका लागि दक्ष जनशक्ति नरहेको, प्लाण्ट जडानको लागि आफ्नो जग्गा भवन यकिन नगरी खरिद तथा अनुदान सम्झौता गरी वर्षान्तमा यस्ता फर्म, संस्था, समितिको बैंक खातामा खरिद बिलका आधारमा खर्च लेखेको छ । अनुदान रकमको प्रभावकारिता यकिन हुने स्थिति छैन ।

७. **जैविक ल्याव** - एक वायो एग्रो फार्मसँग जैविक विषादी उत्पादन गर्ने प्लाण्ट स्थापना गर्न कार्यालयले ५० प्रतिशतले हुने रु.२५ लाख व्यहोर्ने गरी २०७६।३।२० मा सम्झौता गरेको देखियो । अनुदानको कार्य सञ्चालन कार्यविधि, २०७३ ले निर्धारण गरेबमोजिम कार्य सम्पन्न गरेपश्चात् भुक्तानी गर्नुपर्नेमा वर्षान्तमा एकै किस्तामा रु.२५ लाख अनुदान उपलब्ध गराएको छ । अनुदानग्राही फर्मले पेश गरेको प्लाण्टको बिल भरपाईको आधारमा अनुदान रकम भुक्तानी दिएकोमा ल्याव जडान एवं सञ्चालनको लागि २०७६।८।३० सम्म प्राविधिक उपलब्ध हुन नसकेकोले उक्त ल्याव सञ्चालनमा ल्याएको देखिएन । स्थलगत अवलोकन गर्दा सामान ल्याई कृषि यन्त्र बिक्री गर्ने शो रुममा प्याकिङ गरेर राखेको अवस्था देखियो । जैविक विषादी उत्पादन गर्न आवश्यक जमिन अभाव रहेको, यन्त्र जडान सञ्चालनको कार्य नभएको अवस्थामा सम्झौताको शर्त नं. १३ विपरीत पूरै कार्य सम्पन्न भएको प्राविधिकको सिफारिसबाट अन्तिम किस्ता भुक्तानी भएको छ । कार्यसम्पन्न नहुँदा प्लाण्ट जडान सञ्चालन सिफारिस गर्ने प्राविधिकलाई अनुदान रकमको भुक्तानीमा जवाफदेही बनाई खरिद गरेका मेसिन जडान गरी जैविक विषादी उत्पादन कार्य सुचारु हुनु पर्दछ ।

८. **अनुगमन** - गतवर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी नतोकिएको, दरवन्दी बमोजिम पदपूर्ति नभएको तथा सेवा प्रवाह प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सरकारी कार्यालयतर्फ २२ निकायको लगती बेरुजू रु.१२ करोड १५ लाख ७४ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्छ्यौट भएको छैन । उल्लेखित बेरुजूमध्ये रु.१० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहत कार्यालयमा विनियोजन रु. ६ अर्ब २० करोड २३ लाख २६ हजार, राजस्व रु.५६ करोड ७२ लाख ७८ हजार, धरौटी रु.४८ करोड ७२ लाख १९ हजार र कार्यसञ्चालन कोष रु.३५ लाख ३८ हजारसमेत रु.७ अर्ब २६ करोड ३ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **प्रगति समीक्षा -** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम २७ मा सबै कार्यालयबाट चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक कार्यालयले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने, प्रगति समीक्षाबाट प्रगति कम हुनुका प्रमुख कारणहरु र सो को निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले नियमावलीले गरेको व्यवस्थाबमोजिम मातहत कार्यालयबाट वित्तीय तथा भौतिक प्रगति लिई प्रदेशस्तरको प्रगति विवरण तयार गरी समीक्षा गरेको देखिएन । नियमावलीले गरेको व्यवस्थाबमोजिम प्रदेशस्तरको प्रगति विवरण तयार गरी कार्यक्रम सम्पादनमा आईपरेका कठिनाईहरुको पहिचान गरी समाधान गर्नेतर्फ पहल गर्नुपर्दछ ।

२. **अवण्डा बजेट -** आयोजनाको छनौट गर्दा स्थानीय तहबाट माग भै आएका योजनाहरुको सिफारिस साथ सम्बन्धित निकायको सिफारिसमा मन्त्रालयले योजनाको रकम स्वीकृत गर्नुपर्दछ । तल्लो निकायबाट छनौट भएका योजना कार्यान्वयन गर्नुपर्नेमा मन्त्रालयले कतिपय कार्यक्रममा एकमुष्ठ रकम अवण्डा राखी संसदबाट स्वीकृत गरेको देखियो । एकमुष्ठ विनियोजन गरेको रु.८२ करोडबाट मन्त्रालयले ४४४ नयाँ तथा पुराना योजनाहरु छनौट गरी मन्त्रिपरिषद्बाट २०७५।९।१९ मा स्वीकृत गरी बजेट बाँडफाँड गरेको छ । प्रदेश सभाबाट स्वीकृत भएका योजनामात्र कार्यान्वयनमा ल्याउनुपर्नेमा प्रदेश सभाले स्वीकृत नगरेको योजनाहरु कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छ । जनताको मागबमोजिम स्थानीय निकायहरुको सिफारिस भई आएका योजना प्रदेश सभाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ । बजेट अवण्डा राख्ने कार्य निरुत्साहित गर्नुपर्दछ ।

३. **बिस्तृत आयोजना प्रतिवेदन -** मन्त्रालयले आर्थिक वर्षको कार्यक्रम स्वीकृत गर्दा पूँजीगत अनुसन्धान तथा परामर्शमा रकम विनियोजन नगरे तापनि अवण्डा रहेको रकमबाट मन्त्रालयको लागि रु.२ करोड २० लाख व्यवस्था गरी खर्च गरेको छ । मन्त्रालयले विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) तयार गरी भुक्तानी गरेकोमा सोको आवश्यकता पुष्टि गरेको छैन । सम्बन्धित प्रदेश कार्यालय र मन्त्रालयबाट समेत डि.पी.आर. भएको अवस्थामा सो कार्यमा दोहोरोपना नहुने व्यवस्था मिलाई डि.पी.आर. भएका योजना कार्यान्वयन गर्नुपर्दछ ।

## पूर्वाधार विकास कार्यालयहरु

४. **वातावरण प्रभाव मूल्याङ्कन –** वातावरण संरक्षण ऐन,२०५३ र नियमावली, २०५४ मा सार्वजनिक निर्माण गर्नुअगाडि प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक एवं यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पूर्वाधार विकास कार्यालय, बैतडीले रिठापाटा भेनेढुङ्गा सिरुपाटा सडक तथा दल्लेक नागु सीता सडक दार्चुला खण्डमा वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सार्वजनिक निर्माणको कार्य गराई रु.१ करोड २३ लाख ९ हजार ठेक्का व्यवस्थापन गरी भुक्तानी गरेको छ । उक्त रकमको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि यो वर्ष रु. ४० लाख बजेट विनियोजन भए तापनि उक्त खर्च भएको छैन । वातावरणीय पभाव मूल्याङ्कन नगरी निर्माण गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. **हेभी मेसिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न नपाईने व्यहोरा उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित

प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने व्यवस्था नियमावलीले गरेको छ । पूर्वाधार विकास कार्यालय बैतडी तथा कैलालीले उपभोक्ता समितिमार्फत हेभी मेसिन प्रयोग गरी भएको सडक निर्माण कार्यको भुक्तानी गरेका छन् । जटिल प्रकृतिको कार्य भएको र सो कार्यमा हेभी मेसिन प्रयोग गर्न आवश्यक रहेको भन्ने आधार र स्वीकृति लिएको छैन ।

६. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पूर्वाधार विकास कार्यालय अछामले रु.३ करोड ९ लाख ७२ हजार बराबरका निर्माण कार्यलगायत विभिन्न कार्यमा ७० टुक्रा पारी सोझै खरिद गरेको छ । ऐनमा भएको व्यवस्थाबमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी मितव्ययी ढङ्गले कार्यसम्पादन गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरु

७. **कार्यक्रम संशोधन -** सूदुरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा कार्यक्रम संशोधन गर्दा लागत नबढ्ने गरी कार्यक्रम संशोधन गर्न सकिने उल्लेख छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले विभिन्न खानेपानी आयोजनाको लागि शुरु बजेटको ७३३ प्रतिशतसम्म थप गरी रु.३ करोड ५७ लाख ७९ हजारको कार्यक्रम संशोधन गरेबाट लागतमा वृद्धि हुने देखिन्छ । कार्यालयले आर्थिक वर्षको अन्तमा २०७६।३।२३ मा कार्यक्रम संशोधन गरेको कारण संशोधित कार्यक्रमबाट योजनाको निर्माण कार्य सम्पन्न हुने अवस्था देखिदैन । आर्थिक वर्षको अन्त्यमा पाइप खरिदमा बजेट थप गरी कार्यक्रम संशोधन गरेको छ । आर्थिक वर्षको अन्त्यमा कार्यक्रम संशोधन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८. **पाइप तथा फिटिङ्स खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र आह्वान गनुपर्ने, योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा बिना भेदभाव सहभागी हुन समान अवसर प्रदान गनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय कैलाली, बैतडी, डडेलधुरा र डोटीले यो वर्ष रु.५९ करोड ३ लाख ३४ हजारको खानेपानी पाइप तथा फिटिङ्सको खरिद गर्दा एउटै लागत अनुमान नबनाई टुक्रा-टुक्रा लागत अनुमान बनाएको, बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा दरभाउपत्रको दायराभित्र पारी खरिद गरेको, सीमित बोलपत्र /दरभाउपत्र परेको र कबोल अंक लागत अनुमान कै हाराहारीमा रहेकाले खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी देखिएन ।

९. **पाइप तथा फिटिङ्स मौज्दात -** खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रअनुसार पाइप तथा फिटिङ्स /औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने व्यहोरा उल्लेख छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कैलाली, बैतडी, डडेलधुरा र डोटीले आर्थिक वर्षको अन्तमा रु.३७ करोड ५७ लाख ७ हजार मूल्य बराबरका पाइप तथा फिटिङ्स सामान मौज्दात रहने गरी खरिद गरेका छन् । आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खानेपानी पाइप तथा फिटिङ्स खरिद गरी मौज्दात रहेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **पाइप सापटी** - डिभिजन कार्यालय, डोटीले उपलब्ध गराएको विवरणमा ५६ आयोजनामा सर्भे डिजाईन अनुसार तोकिएको भन्दा रु.६९ लाख ९५ हजारको बढी पाईप अन्यत्र आयोजनाबाट सापटी ल्याई खर्च भएको देखाएको छ । डिजाइनभन्दा बढी परिमाणमा पाईप खर्च भएको सम्बन्धमा प्राविधिक पुष्ट्याँई हुनुपर्दछ ।

११. **बजेटभन्दा बढी खर्च** - सूदुरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३६ मा रकम खर्च गर्दा स्वीकृत बजेटभित्र परेको र सम्बन्धित शीर्षकमा परेको हुनुपर्ने उल्लेख छ । डिभिजन कार्यालय डोटीले १३६ आयोजनाको सर्भे, एच.डी.पी.पाइप तथा फिटिङ्सतर्फ रु.९ करोड २५ लाख ६१ हजारको बजेट रहेकोमा रु.९ करोड ९० लाख ३६ हजार खर्च गरी बजेटभन्दा रु.६४ लाख ७५ हजार बढी खर्च गरेको छ । स्वीकृत बजेटभन्दा बढी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु

१२. **तारजाली खरिद कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्य एउटै खरिद सम्झौताबाट गर्न सकिने भएमा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने उल्लेख गरेको छ । डिभिजन कार्यालय, बैतडीले यो वर्ष आपतकालीन बाढी पहिरो पुनर्स्थापना कार्यक्रमअन्तर्गत स्वीकृत रु.३० लाख बजेटबाट गर्नुपर्ने कार्यहरुको कार्य योजना तयार नगरी छुट्टा-छुट्टै २ लागत अनुमान तयार गरी दरभाउपत्रको माध्यमबाट २ आपूर्तकसँग तार जाली खरिद गरी रु.२७ लाख ४८ हजार भुक्तानी गरेको छ । आवश्यकताको पहिचान नगरी खरिद गरिएका सबै १४०७ थान तार जाली आर्थिक वर्षको अन्तसम्म कार्यालयमा मौज्दात नै रहेको छ । लेखापरीक्षण अवधि २०७६।०५।१० सम्म जिल्ला दैवीप्रकोप व्यवस्थापन समितिको सिफारिसमा ४८२ थान तार जाली खर्च हुने अवस्था छ, भने बाँकी ९२५ थानको रु.१ हजार ९ सय ५० को दरले हुने रु.१८ लाख ३ हजार बराबरको तारजाली वितरण नगरी कार्यालयमा मौज्दात रहेको छ । आवश्यकता पहिचान गरी मितव्ययी हुने गरी खरिद गर्नुपर्दछ ।

१३. **ग्याबियन खरिद** - सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ९७(२) मा रु.एक करोड सम्मको लागत अनुमान तयार गर्दा लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंशसमेत समावेश हुनुपर्ने उल्लेख छ । डिभिजन कार्यालय, डोटी अन्तर्गत तिलताली सिंचाई योजनाको एक उपभोक्ता समितिलाई योजनाको कार्य गरेबापत सम्झौता अनुसार रु.९४ लाख २६ हजार भुक्तानी दिएको छ । कार्यालयले ओभरहेड र कन्टिन्जेन्सी बाहेक उपभोक्ताको अंशसमेत रु.१ करोड ५ लाख ४३ हजार को लागत अनुमान तयार गरेको देखियो । नियमावलीले तोकेको सीमाभन्दा बढीको लागत अनुमान तयार गरी काम गराउनु नियम सम्मत देखिएन । खरिद नै नगरी ग्याबियन बापत रु.४ लाख ८७ हजार र ग्याबियन बक्स फिलिङ्ग बापत रु.१० लाख ४ हजार समेत रु.१४ लाख ९१ हजारको भुक्तानी सम्बन्धमा छानविन हुनुपर्दछ ।

१४. **निर्माण सामाग्री उपयोग** - सार्वजनिक खरिद नियमावली,२०६४ मा सामान्यतया प्राविधिक हिसाबले जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउन नहुने उल्लेख छ । डिभिजन कार्यालय, डोटीले तल्लो सातनाली लिफ्ट सिचाई योजनाको उपभोक्ता समितिलाई सिंचाइ सम्बन्धी निर्माण कार्य एवं उपकरण खरिद गरेबापत रु.६० लाख ७७ हजार भुक्तानी दिएको छ । लिफ्ट सिंचाइ सञ्चालनमा प्रयोग हुने सोलार जडान त्यसको सञ्चालन प्राविधिक हिसाबले उपभोक्ताबाट गर्न सक्ने देखिँदैन । सोही योजनाको लागि कार्यालयले सोलार पम्प र काँडेतार लगायतका सामान खरिद बापत रु.६१ लाख ५३ हजार खर्च गरेको छ । खरिद गरिएका सबै सामान कार्यालयमा मौज्दात रहेकोले मौज्दात राख्ने गरी सामान खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख भएबमोजिम तोकिएको आधारमा मूल्य समायोजन दिन पाउने व्यवस्था छ । डिभिजन कार्यालय, कञ्चनपुरले निर्माण व्यवसायीलाई रु.८६ लाख १५ हजार मूल्यवृद्धि बापत भुक्तानी दिएको छ । निर्माण व्यवसायीले २०७६ आषाढको नेपाल राष्ट्र बैंकको मूल्यसुचीको आधारमा रु.५ करोड ५२ लाख ८७ हजारको १३.७९ प्रतिशतले मूल्य बढेको देखाई रकम माग गरेअनुसार भुक्तानी दिएको छ । संलग्न विलमा जनरल आईटमअन्तरगत बीमा र ल्याव टेष्टसहित रु.१३ लाख ४८ हजारसमेतको मूल्यवृद्धि माग गरेको देखियो । नियम अनुसार जनरल आइटमको मूल्य वृद्धि पाउने देखिदैन । निर्माण व्यवसायीले २०७४।७५ मा काम गरेको बिल पेश गरेको तथा कामसँग सम्बन्धित ग्याबियन, ढुंगा लगायतको सामान पनि सोही आर्थिक वर्षमा खरिद भएको र सोही वर्षको मूल्यको आधारमा बिल तयार भएको अवस्था छ । २०७६ आषाढको नेपाल राष्ट्र बैंकको प्राइस इण्डेक्स राखी अघिल्लो वर्ष तयार भएको बिलको मूल्यवृद्धि दिन मिल्ने देखिएन । नियम विपरीत मूल्यवृद्धि दिएको रकम असुल गर्नुपर्दछ ।

१६. **न्यून काम गरी योजना फरफारक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । डिभिजन कार्यालय डडेलधुराले थग्लेनी सिंचाइ योजना निर्माण गर्न उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उक्त योजनामा २२५ एम.एम का २ हजार २ सय ७० रनिङ मिटरका एच .डि.पी पाइपको प्रयोग गरी पाइपबाट पानी खसाली ६ रिजर्भ्वायर ट्याङ्की निर्माण गरेको छ । मुहानतर्फको एच.डी.पी. पाइपको काम शुरु नै नगरी आर.सि.सि क्यानल तर्फको करिव ४५ प्रतिशत कार्य मात्र गरेर पानी ल्याउन नसकिने निर्णय गरी संरचना तर्फको

भए गरेको कामको मूल्याङ्कन गरी रु.१६ लाख ६१ हजारको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । स्वीकृत लागत अनुमान अनुसार माटो काट्ने, १४०, १६०, २२५ एम. एम. का पाइप जडान गर्ने र मेसिनरी कार्यको जग खन्ने कार्य, व्याक फिलिङ्गको काम गर्ने उल्लेख छ । ५५ प्रतिशत घटी अधुरो कार्य गरेबापत खर्च भएको रकम खेर गएको अवस्था देखिएकाले अधुरो निर्माण कार्यको कार्यसम्पन्न बनाई उपभोक्ता समितिलाई रकम भुक्तानी दिन सिफारिसको निर्णयका गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई योजना सम्पन्न गर्नुपर्दछ ।

१७. **घटी कार्य भएकोमा योजना सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार कार्यालयले खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ डिजाइन अनुसार भए नभएको प्राबिधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न भए नभएको यकिन गरी प्रतिवेदन तयार गराउनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय अछामले सो नियम विपरीत बिभिन्न १९ योजना कार्यान्वयनका लागि उपभोक्तासँग रु.५ करोड ८९ लाख ९६ हजारको सम्झौता गरेकोमा रु.३ करोड १० लाख ७३ हजारको मात्र काम सम्पन्न भई सम्झौताभन्दा रु.२ करोड ७३ लाख ६९ हजारको कम काम मूल्याङ्कन भएको अवस्थामा समेत यी योजना सम्पन्न भएका अवस्था देखियो । बढीमा सम्झौता अंकको ६० प्रतिशत र घटीमा १८.७५ प्रतिशत काम पुरा भएको अवस्थामा समेत सबै योजनाको कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

१८. **दोहोरो भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय बझाडले बजार जिउला सिंचाइ योजनाको काम उपभोक्ता समितिमार्फत गराएकोमा तेश्रो रनिङ बिलको भुक्तानीमा गत वर्षको दोश्रो रनिङ बिलअनुसारको कार्य दोहोरो मापन भई आर.सि.सि. र पाइप लाईनिङ्गको मूल्याङ्कन गरी बिलबापतको रु.५ लाख ५३ हजार दोहोरो भुक्तानी गरेकोले असुल हुनुपर्दछ ।

## शहरी विकास तथा भवन कार्यालय

१९. **जनता आवास कार्यक्रम** - सुदूरपश्चिम प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायमा सम्झौतामा उल्लेख भएबमोजिम किस्ता रकम उपलब्ध गराउने गरी शहरी विकास तथा भवन कार्यालय बैतडीले बैतडी, दार्चुला र बझाङ जिल्लामा रु.२० करोड १८ लाख ४६ हजार जिल्ला स्थित निर्माण समितिको खातामा रकम निकासा दिएको छ । आर्थिक वर्ष २०७४।७५ र २०७५।७६ मा तीन जिल्लामा १ हजार १ सय ७४ भवन निर्माणको लागि कुल निकासामध्ये यो वर्षमात्र रु ६ करोड १८ लाख ४६ हजार निकासा भएको छ । गत वर्ष सम्झौता भई निर्माणाधीन रहेका आवासमध्ये बैतडी, बझाङ र दार्चुलामा क्रमशः ४४८, ९१ र १०२ निर्माण सम्पन्न भएको र उक्त जिल्लामध्ये वैतडीमा ३३, बझाङमा ७, दार्चुलामा ७ समेत ४७ आवास निर्माण कार्य सम्पन्न हुन बाँकी विवरणबाट देखिएको छ । लाभग्राहीलाई हरेक किस्तामा कामको प्रगतिको आधारमा रकम उपलब्ध गराएको अभिलेख कार्यालयले राखेको छैन । जग खन्ने कार्य, डि.पि.सि.को कार्य र गारो तयार भएको प्राविधिक मूल्याङ्कन बेगर नै किस्ता रकम उपलब्ध गराउने गरेको छ । कार्यक्रम कार्यान्वयन कार्यविधिबमोजिम कामको आधारमा मूल्याङ्कन गरी रकम निकासा गर्नुपर्दछ ।

२०. **अनुगमन** - गतवर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी तोक्नुपर्ने, दरवन्दीबमोजिम पदपूर्ति, सोझै खरिद, सेवा प्रवाह र आन्तरिक नियन्त्रण लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सरकारी कार्यालयतर्फ २९ निकायको बेरुजू रु.३७ करोड ७८ लाख ४८ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड १ लाख ७९ हजार फर्छ्यौट गरेकोले रु.३५ करोड ७६ लाख ६९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१९ करोड ३५ लाख २० हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय तथा मातहतका सरकारी कार्यालयतर्फको विनियोजन रु.२ अर्ब ७७ करोड ७ लाख ५८ हजार, राजस्व रु.२५ लाख ५२ हजार, धरौटी रु.५ करोड ७३ लाख ४९ हजार र कार्यसञ्चालन कोष रु.३८ लाख २० हजारसमेत रु. २ अर्ब ८३ करोड ४४ लाख ७९ हजार तथा समिति तथा अन्य संस्थातर्फको विनियोजन रु.५५ करोड ९५ लाख २१ हजार, राजस्व रु.१४ लाख ९९ हजार, धरौटी रु.१ करोड ९५ लाख १९ हजार र कार्यसञ्चालन कोष रु.२९ करोड ९६ लाख ६८ हजारसमेत गरी रु.८८ करोड २ लाख ७ हजार गरी कुल रु.३ अर्ब ७१ करोड ४६ लाभ ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **एम्बुलेन्स खरिद** - प्रदेशअन्तर्गत १६ निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न एम्बुलेन्स खरिद कार्यको लागि रु.६ करोड ४० लाख बजेट रहेकोमा मन्त्रालयले १६ एम्बुलेन्स खरिद गरी एक विदेशी मोटर्सलाई प्रतितपत्र मार्फत रु.४ करोड ९७ लाख ९२ हजार भुक्तानी दिएको छ । त्यसैगरी सोही मोटर्सको नेपाली अधिकारिक विक्रेतालाई भन्सार जाँचपास शुल्क रु.१ करोड २७ लाख २० हजारसमेत जम्मा रु. ६ करोड २५ लाख १२ हजार भुक्तानी भएको छ । खरिद प्रक्रियामा प्रतिस्पर्धा नभई एक बोलपत्रमात्र को आधारमा खरिद गरेकाले मितव्ययी देखिएन । लागत अनुमान तयार गर्दा एउटा बिक्रेताको मात्र मूल्यसूची लिएको, सार्वजनिक निकायको माग (बी टाइपको सुविधासम्पन्न) बमोजिम एम्बुलेन्स प्राप्त नगरी अन्य गाडीको यन्त्र औजार एसेम्बल हुने अवस्थामा खरिद कार्य गरेको छ । उत्पादनकर्ताको स्थानीय विक्रेताले पटक पटक एम्बुलेन्सको कारखाना मूल्यमा परिवर्तन गरेकोमा मन्त्रालयले कुनै राय दिएको छैन । माग बमोजिमको एम्बुलेन्स नभएको अवस्थामासमेत मेकानिकल ईन्जिनियरबाट एम्बुलेन्सको प्राविधिक पक्ष ठीक छ भनी खरिद कार्य सम्पन्न गरी भुक्तानी भएको छ । खरिद गरिएका एम्बुलेन्स प्रदेशको भौगोलिक अवस्थितिबमोजिम उपयुक्त नभएको, एम्बुलेन्समा जडान गरिएको पार्टपूर्जा लगायतका प्राविधिक पक्ष कमजोर रहेको जस्ता सिकायत आएको अवस्थाले मन्त्रालयले सम्झौताको शर्तअनुसार वारेण्टी अवधिभित्र देखिएका त्रुटी सच्याउनुपर्दछ ।

२. **मेसिन औजार खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा बढी भन्दा बढी प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले अस्पताल सेवा सुदृढीकरण कार्यक्रमअन्तर्गत सी.आर.मेसिन लगायत विभिन्न मेसिन उपकरण आपूर्तकमार्फत खरिद गरी रु.२ करोड ३५ लाख ९५ हजार भुक्तानी गरेको छ । सो खरिद कार्यमा वढी मूल्य पर्ने मेसिनमा १/१ वटा मात्र बोलपत्र परेको अवस्था छ भने कम मूल्यको सामानमा वढी प्रतिस्पर्धा गरेको छ । आर्थिक वर्षको अन्तमा खरिद गरिएका मेसिन औजारहरु मन्त्रालयमा प्राप्त भएपछि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई हस्तान्तरण गरेको छ । खरिद सामानहरु आपूर्ति व्यवस्थापन केन्द्रको जिन्सी निरिक्षण प्रतिवेदनमा मौज्दात देखिएको छैन । खरिद गर्ने निकायमा नै जिन्सी आम्दानी बाँधी भुक्तानी गर्नुपर्दछ ।

३. **दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर** - स्वीकृत बजेट खर्च गर्दा आवश्यक बिल भरपाई संलग्न गर्नुपर्दछ । प्रदेशका दुर्गम ठाउँहरुमा मन्त्रालयले सञ्चालन गरेको ७ स्वास्थ्य शिविरहरुमा रु. ६९ लाख ९४ हजार खर्च भएकोमा एलोप्याथिक तथा आयुर्वेदिक औषधि खरिदमा मात्र रु. ३३ लाख १८ हजार खर्च भएको छ । त्यस्तै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट समेत केही शिविरको लागि आयुर्वेदिक तथा एलोप्याथिक औषधिहरु हस्तान्तरण भई गएका छन् । खरिद गरिएका तथा आपूर्ति केन्द्रबाट शिविरमा गएका औषधिहरुको खर्च र मौज्दात विवरण पेश भएन । प्रति शिविर १ हजार ८० जनादेखि १ हजार ९ सय ८१ जनासम्म लाभग्राहीले सेवा लिएको शिविरमा भएको औषधि खर्च र सेवाग्राहीको संख्याका आधारमा औषधि खर्चमा धेरै फरक परेको देखिन्छ । विशेषज्ञ डाक्टरको प्रेस्क्रिप्सनको आधारमा औषधि वितरण भएको नदेखिएकाले औषधि वितरण भरपाई तथा बाँकी रहेका औषधिको दाखिला अभिलेख नराखी विवरण पेश हुनुपर्नेमा खरिद भएका सम्पूर्ण औषधि खर्च जनाएकाले खरिद कार्य नियमसम्म्मत देखिएन । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।

४. **मेडिकल उपकरण खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले खरिद गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । महाकाली अस्पताल, कन्चनपुरले एक आपूर्तकसँग रु. १ करोड ८६ लाख ९८ हजारको भेन्टिलेटर लगायतका मेडिकल उपकरण खरिद गर्ने गरी २०७६।३।२५ मा सम्झौता गरी २०७६।३।३० मा सामान प्राप्त भएकोमा सम्झौता हुनु अगावै २०७६।३।८ मा सामान परीक्षण गरेको प्रतिवेदन संलग्न गरेको छ । सम्झौता हुनुभन्दा अगाडि नै मालसामानको प्राविधिक परीक्षण गरी खरिद गरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

## प्रदेश स्वास्थ्य कार्यालयहरु

५. **अल्ट्रासाउण्ड मेसिन खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश स्वास्थ्य निर्देशनालय डोटीले अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट ८८ थान ग्रामीण अल्ट्रासाउण्ड मेसिन खरिद गर्न एक स्वदेशी फर्मसँग रु.११ करोड ४५ लाख १९ हजारमा सम्झौता गरेको छ । सम्झौताअनुसार सामान खरिद गर्नको लागि प्रतितपत्र खोल्न रु.११ करोड ६६ लाख ४२ हजार पेस्की दिएको छ । अन्तराष्ट्रिय उत्पादनकर्ता कम्पनीबाट समेत दर रेट मागी लागत अनुमान तयार गर्नुपर्नेमा स्वदेशी आपूर्तकहरुसँग मात्र दररेट माग गरी लागत अनुमान तयार गरी प्रदेश सचिवबाट स्वीकृत गरेको छ । बोलपत्रको प्रकृया सुरु भै सकेपछि एक स्वदेशी बोलपत्रदाताको आग्रहमा प्रदेश निर्देशकबाट २०७६।२।२४ मा स्पेसिफिकेशन संशोधन गरेको देखियो । माथिल्लो तहबाट स्पेसिफिकेशन तथा लागत अनुमान स्वीकृत भएको अवस्थामा तल्लो तहबाट संशोधन गर्न मिल्ने देखिँदैन । बोलपत्रदाताले अल्ट्रासाउण्ड मेसिनको कन्ट्री अफ ओरिजिन यू.एस.ए.उल्लेख गरेकोमा प्लाज्मा कर्पोरेशन हङकङले जारी गरेको कमर्सिएल इन्भ्वाइसलाई आधार मानी प्रतितपत्र खोल्न स्वीकृत दिएको छ । सम्झौताको शर्तअनुसार गुणस्तरीय सामान प्राप्त गर्ने प्रत्याभूति हुनुपर्दछ ।

६. **पेस्की माथि पेस्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेस्की दिँदा अपनाउनुपर्ने प्रकृयाको उल्लेख गरिएको छ । प्रदेश स्वास्थ्य निर्देशनालय, डोटीले कार्यालयमा कार्यरत १६ जना व्यक्तिलाई विभिन्न कार्यक्रम सञ्चालन गर्न पेस्की दिएकोमा पहिलो पेस्की फछ्र्यौट नहुँदै एकै कर्मचारीलाई १९ पटक सम्म पटक पटक गरी पेस्कीमाथि पेस्की दिएको छ । न्यूनतम रु.२० हजारदेखि रु.१ करोड ७६ लाखसम्म एकै व्यक्तिलाई पेस्की दिई कार्यक्रम सञ्चालन गराएको अवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार १७ व्यक्तिलाई रु.८ करोड ९१ लाख ५१ हजार पेस्की दिएकोमा पूरै रकम खर्च हुन नसकी ४९ लाख ८२ हजार रकम फिर्ता भएको छ । पेस्कीमाथि पेस्की दिई वर्षको अन्तमा फाँटवारी पेश गरी पेस्की फछ्र्यौट गरेको छ । पेस्की लिई लामो समय सम्म कार्यक्रम नगरी व्यक्तिको खातामा रकम रहने र पछि कार्यक्रम सञ्चालन गर्ने तथा आर्थिक वर्षको अन्त्यमा रकम फिर्ता गर्ने प्रवृतिले सरकारी रकमबाट कर्मचारीले लाभ लिने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

७. **औषधि खरिद** - प्रदेश स्वास्थ्य कार्यालय, डडेलधुराले विभिन्न ३ प्याकेज बनाएर निःशुल्क वितरणका लागि ३० प्रकारका र बाल स्वास्थ्य सुदृढीकरण कार्यक्रमको लागि २६ प्रकारकासमेत ५६ प्रकारका औषधि रु.३७ लाख ६९ हजार मूल्यमा खरिद गरेको छ । लक्षित कार्यक्रमको लागि खरिद गर्न तोकिएका यस्ता औषधि नेपाल स्वास्थ्य सुधार–२ आयोजना प्रतिवेदन अनुसार अत्यावश्यक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थाबाट निःशुल्क प्रदान गर्ने व्यवस्था रहेको, प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाअन्तर्गत सञ्चालित कार्यक्रम निर्देशिकाअनुसार औषधिको मौज्दातसमेतलाई विचार गरी आवश्यकता तथा विपद व्यवस्थापन , औषत मौज्दातस्तर, वितरण समय, उच्चतम खपत जस्ता आधारमा औषधिको आवश्यकता पहिचान गरेर खरिद योजना स्वीकृत गरी औषधि प्राप्ति गर्नुपर्ने व्यवस्था तोकेको छ । एक मेडिसिन डिष्ट्रिव्युटर्ससँग औषधि खरिद गर्न २०७६।३।१८ मा रु.३४ लाख २० हजारको औषधि २०७६।३।२५ भित्र आपूर्ति सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त समयभित्र रु.२५ लाख ७१ हजारको औषधि आपूर्ति गरेको देखियो । सम्झौताअनुसारको बाँकी औषधि आपूर्ति नगरी सम्झौता रद्द गरेको कारण निज आपूर्तिकर्ताले खरिद सम्झौता उल्लघंन गरेको देखियो । खरिद गरेका औषधि वर्षान्तमा खर्च हुन नसकेको र जिन्सीमा मौज्दात रहेको अवस्था देखियो । सम्झौताअनुसार आपूर्ति हुन नसकेको र घटी परिमाणमा आपूर्ति भएका ौषधिसमेत मौज्दात रहेकाले खरिद कार्यका जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनु पर्दछ ।

## शिक्षा विकास निर्देशनालय,डोटी

८. **खेलकुद मैदान निर्माण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को मा उपभोक्ता वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । सुदूरपश्चिम क्षेत्र भित्रका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक खेलमैदान निर्माण गर्ने कार्यक्रम अनुसार बीस निर्वाचन क्षेत्रमा प्रति निर्वाचन क्षेत्र रु.२० लाखको दरले बजेट विनियोजन भएको थियो । सात जिल्लामा खेलमैदान निर्माण गर्दा चौध खेलमैदान निर्माण उपभोक्ता समितिलाई सम्झौतामा तोकिएभन्दा बढी भुक्तानी दिएको, मेसिन प्रयोग गरी मानिसको दरमा रकम भुक्तानी दिएको, तोकिएको दरभन्दा बढी दरमा भुक्तानी दिएको रु.७६ लाख ५८ हजार र एक उपभोक्तालाई ग्याबियन वाल लगाउँदा रु.३ लाख ६३ हजार र अर्को उपभोक्ता समितिलाई ग्याबियन वाल लगाउँदा नपाउने लिड खर्च दिएको रु.८ लाख २१ हजारसमेत रु. ८८ लाख ४२ हजार सम्बन्धित नापी गर्ने कर्मचारी तथा कार्यालय प्रमुख समेतलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । त्यसैगरी चार उपभोक्ता समितिलाई कर बीजक बेगर भुक्तानी भएको मूल्य अभिबृद्धि कर र अग्रिम कर रु.६ लाख ८९ हजार असुल गर्नुपर्दछ ।

९. **अनुगमन** - गतवर्षको प्रतिवेदनमा कानुनको पहिचान, कार्य जिम्मेवारी, दरवन्दी पदपूर्ति र सेवा प्रवाह लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतकाका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ३५ निकायको बेरुजू रु.२७ करोड ४२ लाख ९७ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ लाख २५ हजार फर्छ्यौट गरेकोले रु.२७ करोड १४ लाख ७२ हजार बाँकी रहेको छ । सोमध्ये रु.१९ करोड ३० लाख ४५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

  - समिति तथा अन्य संस्थातर्फ ११ इकाईको बेरुजू रु.३ करोड ७० लाख ७३ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्छ्यौट गरेको छैन । उक्त बेरुजूमध्ये रु.३ लाख ३२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हकहित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक  सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ४८ लाख ४७ हजार, राजस्व रु.७८ हजार र धरौटी रु.१ लाख ४४ हजारसमेत गरी रु.२ करोड ५० लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षण गर्दा बेरुजू देखिएको छैन ।

# परिच्छेद ४
# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **फछ्र्यौट -**यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १२७ इकाईको लेखापरीक्षण हुदाँ ६ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश हुँदा लगती दफा २२ बाट रु. २ करोड ३१ लाख ६० हजार फछ्र्यौट भएको छ भने अन्य इकाईहरुको सुरु बेरुजू नै कायम भएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १२ इकाईको प्रतिक्रियाबाट बेरुजू फछ्र्यौट भएको छैन।

    गतवर्षको लेखापरीक्षणबाट रु.५९ लाख ५९ हजार बेरुजू औँल्याएकोमा यो वर्ष लेखापरीक्षणको अवधिमा २ निकायको रु.३ लाख १५ हजार सम्परीक्षण भई रु.५६ लाख ४४ हजार बेरुजू बाँकी रहेको छ। कानुनबमोजिम बेरुजू फछ्र्यौट गर्नेतर्फ दक्षता अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

२. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

१. **कानुन निर्माण** - संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । प्रदेशमा प्रदेश लोकसेवा आयोग तथा प्रदेश प्रहरी लगायत महत्वपूर्ण कानुन तर्जुमा नभएकोले प्रदेशको आवश्यकताको आधारमा कानुन निर्माण गर्नुपर्दछ ।

२. **आयोजनाको प्राथमिकता** - संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरीवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिर्दै आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ । प्राथमिकता प्राप्त आयोजनाको वातावरणीय प्रभाव परीक्षण तथा विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजना संचालन गर्नुपर्दछ ।

३. **बजेट कार्यान्वयन** - बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । यो वर्ष प्रस्तावित बजेटको ५६.५१ प्रतिशत मात्र खर्च भएको छ । चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने कार्य गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

४. **कोष ट्रान्सफर** - कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भई फण्ड ट्रान्सफर गर्नुपर्ने अवस्थामा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर व्यवस्था मिलाउनु पर्दछ । प्रदेश पूर्वाधार, स्थानीय तह समपूरक र विशेष अनुदान तर्फको अनुदान र अर्थ विविध जस्ता रकम शीर्षकमा बर्षान्तमा आएर रकमान्तर गर्ने प्रबृतिमा नियन्त्रण गरी आवश्यकताा र औचित्यका आधारमा समयमा नै कोष ट्रान्सफर गर्नुपर्ने अवस्था मिलाउनु पर्दछ ।

५. **खरिद व्यवस्थापन** - सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्दछ ।

६. **प्रदेश राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्रको परिमार्जन सहित करको दायरा विस्तार गरी राजस्व संकलन गर्नुपर्दछ ।

७. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह** - सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न जनतासंग मुख्यमन्त्री रेडियो कार्यक्रम तथा हेलो सि.एम. जस्ता कार्यक्रम संचालन गरेको छ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ । यसैगरि सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने जस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

८. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली** - सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेश तह पूर्णरुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गर्नुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

१०. **आन्तरिक लेखापरीक्षण -**प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी खर्च शीर्षक फरक पारी खर्च लेखेको, भुक्तानीमा कर कट्टि नगरेको, मासिक प्रतिवेदनका आधारमा शोधभर्ना नगरेको, कार्यक्रम सञ्चालनमा दोहोरोपना हुने सम्भावना देखिएको, प्राविधिक मूल्याङ्कनभन्दा बढी भुक्तानी गरेको लगायतका बेरुजू औंल्याइएकोमा नियमानुसार अन्तिम लेखापरीक्षण अगावै बेरुजू सम्परीक्षण गराएको अवस्था छैन । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियतहरु समयमा नै सम्बोधन गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

११. **अनुदानको अनुगमन** - सार्वजनिक निकायले आप्नो अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गर्ने र लेखापरीक्षण प्रतिवेदन पेश गरी खर्च एवं अनुदानको उपयोग सुनिश्चत गर्नुपर्दछ । प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

१२. **उपभोक्ता समिति-** उपभोक्ता समिति मार्फत कार्य गराउदा जटिल प्राविधिक पक्ष तथा मेसिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने र जटिल प्राविधिक पक्ष भएको काम उपभोक्ता समितिबाट गराउँदा गुणस्तर कायम नहुने हुँदा हेभी उपकरण प्रयोग हुने तथा जटिल प्राविधिक पक्षको कार्य प्रतिस्पर्धात्मक तरिकाले गर्नेतर्फ सुधार गर्नुपर्दछ ।

१३. **खर्च व्यवस्थापनमा सुधार-** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरबका आयोजना र प्राथमिकताप्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **सेवाको समय र लागत**- प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ ।

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद २ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरु
## (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय | कार्यालय संख्या | बेरुजु भएका कार्यालय संख्या | बेरुजु |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | २५९६ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ | १ | ६१२० |
| ३. | सामाजिक विकास मन्त्रालय | ३५ | २१ | २७१४७२ |
| ४. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २६ | १८ | ४८२५० |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | १ | ३८१२० |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १० | ० | ० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९ | २२ | ३५७६६९ |
| ८. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २२ | ६ | १२१५७४ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ० | ० |
| | **जम्मा** | **१२७** | **७०** | **८४५८०१** |

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
## २०७५।७६

(रु. हजारमा)

| सि.नं. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण | संख्या |
|---|---|---|
| **१.** | **प्रदेश व्यवस्थापिका संसद सचिवालय** | **१** |
| **२.** | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | **१** |
| **३.** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** | |
| ३.१. | मन्त्रिपरिषद सचिवालय | १ |
| ३.२. | ग्रामिण विकास प्रशिक्षण केन्द्र | १ |
| **४.** | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | **१** |
| **५.** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | |
| ५.१. | मन्त्रालय | १ |
| ५.२. | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ |
| ५.३. | प्रदेश लेखा इकाई | ८ |
| **६.** | **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | |
| ६.१. | मन्त्रालय | १ |
| ६.२. | प्रदेश वन निर्देशनालय | १ |
| ६.३. | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १ |
| ६.४. | बन अनुसन्धान तालिम केन्द्र | १ |
| ६.५. | प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई | १ |
| ६.६. | घरेलु तथा साना उद्योग कार्यालय | ९ |
| ६.७. | डिभिजन वन कर्यालयहरु | १० |
| ६.८. | भू-जलाधार व्यवस्था पन कार्यालयहरु | २ |
| **७.** | **सामाजिक विकास मन्त्रालय** | |
| ७.१. | मन्त्रालय | १ |
| ७.२. | शिक्षा विकास निर्देशनालय | १ |
| ७.३. | स्वास्थ्य निर्देशनालय | १ |
| ७.४. | शिक्षा तालिम केन्द्र | १ |
| ७.५. | स्वास्थ्य तालिम केन्द्र | १ |
| ७.६. | स्वास्थ्य आपूर्ति केन्द्र | १ |
| ७.७. | ब्यवसायिक तथा सीप विकास तालिम केन्द्र | २ |
| ७.८. | स्वास्थ्य कार्यालयहरु | ९ |
| ७.९. | आयूर्वेद कार्यालयहरु | ७ |
| ७.१०. | अस्पताल विकास समिति | ११ |
| **८.** | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | |
| ८.१. | मन्त्रालय | १ |
| ८.२. | कृषि विकास निर्देशनालय | १ |
| ८.३. | पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | १ |
| ८.४. | पशु तालिम केन्द्र | १ |
| ८.५. | कृषि व्यवसाय प्रवर्द्धन तथा सहयोग तालिम केन्द्र | १ |
| ८.६. | बाली संरक्षण प्रयोगशाला | १ |

| | | |
|---|---|---|
| ८.७. | बिउ विजन प्रयोगशाला | १ |
| ८.८. | माटो तथा मल परीक्षण प्रयोगशाला | १ |
| ८.९. | कृषि ज्ञान केन्द्रहरु | ६ |
| ८.१०. | भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ५ |
| ८.११. | मत्स्य विकास केन्द्र | १ |
| ८.१२. | सुख्खा फलफुल विकास केन्द्र | १ |
| ८.१३. | तरकारी विउ तथा जर्मप्लाज्म सम्बर्द्धन केन्द्र | १ |
| **९.** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | |
| ९.१. | मन्त्रालय | १ |
| ९.२. | यातायात पूर्वाधार निर्देशनालय | १ |
| ९.३. | यातायात व्यवस्था  कार्यालय | ४ |
| ९.४. | पूर्वाधार विकास कार्यालयहरु | ४ |
| ९.५. | शहरी विकास तथा भवन कार्यालयहरु | ३ |
| ९.६. | खानेपानी तथा सरसफाइ डिभिजनहरु | ४ |
| ९.७. | जलस्रोत तथा सिंचाई विकास डिभिजनहरु | ९ |
| ९.८. | भूमिगत जलस्रोत तथा सिंचाई डिभिजनहरु | १ |
| ९.९. | सिंचाई व्यवस्थापन कार्यालय | १ |
| ९.१०. | धनगढी, हसनपुर, खुटिया, दिपायल सडक आयोजना | १ |
| **जम्मा** | | **१२७** |

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

# सरकारी कार्यालयको लेखापरीक्षण रकम
## २०७५।७६

(रु.हजारमा)

| क. सं | मन्त्रालय / निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १ | प्रदेश सभा सचिवालय | १ | २०३१४३ | १ | २०३१४३ | १ | ३७० | १ | ३७० | १ | २९६६ | १ | २९६६ | ० | ० | ० | ० | २०६४७९ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ८२९०० | १ | ८२९०० | १ | ३५ | १ | ३५ | १ | १९ | १ | १९ | २ | ७४ | २ | ७४ | ८३०२८ |
| ३ | सामाजिक विकास मन्त्रालय | २४ | २७७०७५८ | २४ | २७७०७५८ | १८ | २५५२ | १८ | २५५२ | २० | ५७३४९ | २० | ५७३४९ | ६ | ३८२० | ६ | ३८२० | २८३४४७९ |
| ४ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २६ | ११०७१३७ | २६ | ११०७१३७ | २३ | ३०२२५४ | २३ | ३०२२५४ | २३ | ७३९७४३ | २३ | ७३९७४३ | ७ | १०५९०६ | ७ | १०५९०६ | २२५५०४० |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १४७९३० | १ | १४७९३० | १ | १०९ | १ | १०९ | १ | २६८४ | १ | २६८४ | ० | ० | ० | ० | १५०७२३ |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १० | २०५३०७० | १० | २०५३०७० | २ | ६०४३००८ | २ | ६०४३००८ | २ | १६१९ | २ | १६१९ | १ | ११३७ | १ | ११३७ | ८०९८८३४ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९ | ६२०२३२६ | २९ | ६२०२३२६ | २६ | ५६७२७८ | २६ | ५६७२७८ | २७ | ४८७२१९ | २७ | ४८७२१९ | ६ | ३५३८ | ६ | ३५३८ | ७२६०३६१ |
| ८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २२ | १००४१२५ | २२ | १००४१२५ | १३ | ७६३० | १३ | ७६३० | १७ | १०८२३ | १७ | १०८२३ | ४ | ४३६ | ४ | ४३६ | १०२३०१४ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | २४८४७ | १ | २४८४७ | १ | ७८ | १ | ७८ | १ | १४४ | १ | १४४ | ० | ० | ० | ० | २५०६९ |
| **जम्मा** | | **११५** | **१३५९६२३६** | **११५** | **१३५९६२३६** | **८६** | **६९२३३१४** | **८६** | **६९२३३१४** | **९३** | **१३०२५६६** | **९३** | **१३०२५६६** | **२६** | **११४९११** | **२६** | **११४९११** | **२१९३७०२७** |

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

## अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण | | प्रतिवेदन | | लेखापरीक्षण सम्पन्न रकम | वक्यौता वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | गर्नुपर्ने | सम्पन्न | अन्तिम | प्रारम्भिक | | |
| १. | सामाजिक विकास मन्त्रालय | ११ | ११ | ० | ११ | ८८०२०७ | नभएको |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ० | १ | ७६३४ | |
| **जम्मा** | | **१२** | **१२** | **०** | **१२** | **८८७८४१** | |

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

# आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समिति
# लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा
# २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | संस्थाको नाम | लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजु रकम | लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा: वर्षको शुरु मौज्दात | आय | | | | व्यय | | | | | यो वर्षको बचत | बर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बिक्री र सेवा शुल्क | अनुदान | अन्य आय | जम्मा | प्रत्यक्ष खर्च | सञ्चालन खर्च | कर्मचारी खर्च | अन्य खर्च | जम्मा खर्च | | |
| १ | सेती अञ्चल अस्पताल, धनगढी | २०७५/७६ | ३४२१७७ | ८१४९ | १०८४९ | १३६५७१ | १९०८७३ | ३८८४ | ३४२१७७ | ० | २७५४६८ | ५०१२९ | ४५६४ | ३३०१६१ | ११६७ | १२०१६ |
| २ | महाकाली अस्पताल, कन्चनपुर | २०७५/७६ | १३२४४९ | १८८०९ | २०८७ | २०४१४ | १०८४३३ | १५१५ | १३२४४९ | ० | ८२६२६ | ४४६५० | ८८३ | १२८१५९ | २२०३ | ४२९० |
| ३ | डडेलधुरा अस्पताल, डडेलधुरा | २०७५/७६ | १२००८६ | ३०३२ | ० | १९८७५ | ९५०३० | ५१८१ | १२००८६ | ० | १११४१४ | ० | ५६७ | १११९८१ | ८१०५ | ८१०५ |
| ४ | टिकापुर अस्पताल, कैलाली | २०७५/७६ | ९९२१४ | ८० | ५९०८ | ७७५२१ | १५६२२ | १६३ | ९९२१४ | ० | ६२७१२ | २२८०० | ५२७९ | ९०७९१ | २५१५ | ८४२३ |
| ५ | जिल्ला अस्पताल बाजुरा | २०७५/७६ | २९८९८ | ६२५६ | ४४२६ | ९१९३ | १५६४८ | ६३१ | २९८९८ | ० | २६८६० | ० | ३४३ | २७२०३ | -१७३१ | २६९५ |
| ६ | जिल्ला अस्पताल, डोटी | २०७५/७६ | १८६४७ | ६६४ | ० | ० | १८६२७ | २० | १८६४७ | ० | १८६२७ | ० | २० | १८६४७ | ० | ० |
| ७ | जिल्ला अस्पताल, बझाङ | २०७५/७६ | ३६१२३ | ० | ० | ७५९९ | २७४२६ | १०९८ | ३६१२३ | ० | ३४१४६ | ० | ९२ | ३४२३८ | १८८५ | १८८५ |
| ८ | जिल्ला अस्पताल अछाम | २०७५/७६ | २६११३ | ० | | ३९४९ | २२०८७ | ७७ | २६११३ | ० | २३१२९ | ० | ७८ | २३२०७ | २९०६ | २९०६ |
| ९ | जिल्ला अस्पताल, बैतडी | २०७५/७६ | ४०६५५ | ८३ | ५२० | ८१०२ | ३१८०० | २३३ | ४०६५५ | ० | ३९०७५ | ० | ९३ | ३९१६८ | ९६७ | १४८७ |
| १० | जिल्ला अस्पताल, दार्चुला | २०७५/७६ | ३२६९५ | ० | ० | ० | ३१८२६ | ८६९ | ३२६९५ | ० | ३१८२६ | ० | २९ | ३१८५५ | ८४० | ८४० |
| ११ | गोकुलेश्वर अस्पताल, दार्चुला | २०७५/७६ | २१५० | ० | ० | ० | २१५० | ० | २१५० | ० | २१५० | ० | ० | २१५० | ० | ० |
| १२ | ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी | २०७५/७६ | ७६३४ | ० | ० | ० | ७६३४ | ० | ७६३४ | ० | ७६३४ | ० | ० | ७६३४ | ० | ० |
| **कुल जम्मा** | | | **८८७८४१** | **३७०७३** | **२३७९०** | **२८३२२४** | **५६७१५६** | **१३६७१** | **८८७८४१** | **०** | **७१५६६७** | **११७५७९** | **११९४८** | **८४५१९४** | **१८८५७** | **४२६४७** |

अनुसूची-५
(प्रतिवेदनको परिच्छेद २ दफा ३.६ सँग सम्बन्धित)

# पेस्की बाँकीको विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | कर्मचारी पेस्की | | अन्य पेस्की | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्ष सम्म | | | यो वर्ष | | | |
| | | गत वर्ष सम्म | यो वर्ष | मोविलाईजेशन | प्रतितपत्र | अन्य | मोविलाईजेशन | प्रतितपत्र | अन्य | |
| १. | सरकारी कार्यालय तर्फ | ० | १२५५०६ | ० | ० | ० | २१४३५६ | ४९८९३ | ० | ३८९७५५ |
| २. | समिति तथा अन्य संस्था तर्फ | ० | ० | ० | ० | ० | ३३२ | ० | ० | ३३२ |
| | **जम्मा** | **०** | **१२५५०६** | **०** | **०** | **०** | **२१४६८८** | **४९८९३** | **०** | **३९००८७** |

अनुसूची-६
(प्रतिवेदनको परिच्छेद २ दफा ३.५ सँग सम्बन्धित)

# कुल असुली विवरण
## २०७५।७६

(रु.हजारमा)

| क.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षणको दौरानमा | प्रारम्भिक प्रतिवेदन पठाएपछि | सम्परीक्षणको क्रममा | कूल जम्मा |
|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | २६७२ | ६०६ | ३०१ | ३५७९ |
| २. | समिति तथा अन्य संस्थातर्फ | २३० | ० | ० | २३० |
| | **जम्मा** | **२९०२** | **६०६** | **३०१** | **३८०९** |

अनुसूची-७
(प्रतिवेदनको परिच्छेद २ दफा ३.७ सँग सम्बन्धित)

## अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | मन्त्रालय/निकायको नाम | असुल गर्नुपर्ने | | असुल भएको | | असुल गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | रकम | कार्यालय संख्या | रकम | |
| १. | सरकारी कार्यालयतर्फ | १७ | ३६३४ | ० | ० | ३६३४ |
| २. | समिति तथा अन्य संस्थातर्फ | १ | १४ | ० | ० | १४ |
| | **जम्मा** | **१८** | **३६४८** | **०** | ० | ३६४८ |

अनुसूची-८
(प्रतिवेदनको परिच्छेद १ दफा ११ सँग सम्बन्धित)

## राजस्वको शिषर्कगत आम्दानी विवरण

**२०७५।७६**

| राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ. कर | ४४०४७२६ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त: शुल्क | १४०५९८७ |
| ११४५१ | सवारी साधन कर | २६२१५ |
| ११४५४ | सडक निर्माण तथा सम्भार दस्तुर | २०५ |
| ११६११ | कम्पनी रजिष्ट्रेशन दस्तुर | ४२५९८ |
| ११६१२ | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ४०० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर | ३०१६ |
| ११६२१ | चालक अनुमतिपत्र, सवारी दर्ता कितावसम्बन्धी दस्तुर | १०८०४७ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ९२ |
| १४१७१ | वन रोयल्टी | १३९७२ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २२२५५१ |
| १४१७९ | अन्य बाँडफाँड हुने राजस्व | ९७१३ |
| १४२११ | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | ६६९१ |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | २९२ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २७३ |
| १४२२१ | न्यायिक दस्तुर | ३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १७० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ३५०६० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १६४०२ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ३७ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १५६१ |
| १५१११ | बेरुजू | ६७७२ |
| ३२१२१ | गत वर्षको नगद मौज्दात | ४५० |
| ३३१५१ | वन रोयल्टी संकलन | २३४७३० |
| ३३१५८ | सवारी कर संकलन | ३८४६४४ |
| ३३३६१ | वन क्षेत्रको रोयल्टी | २०६ |
| **जम्मा** | | **६९२४८१३** |

अनुसूची-९
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

# सरकारी कार्यालयहरुको बेरुजू बर्गिकरण
## २०७५।७६

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालयर निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | जम्मा | पेस्की | | |
| | | सैद्धान्तिक | लगती | रकम | द्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | | कर्मचारी पेस्की | अन्य पेस्की | कुल जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ५ | २ | २५९६ | ० | ० | ० | ५ | २ | २५९६ | १० | २५८६ | ० | ० | ० | २५८६ | ० | ० | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९ | २ | ६१२० | ० | ० | ० | ९ | २ | ६१२० | ० | ६००० | ० | ० | ० | ६००० | १२० | ० | १२० |
| ३ | सामाजिक विकास मन्त्रालय | १६६ | १३० | २७४२९७ | ० | ३ | २८२५ | १६६ | १२७ | २७१४७२ | १४९६७ | ६४८१ | ५६९७९ | ० | ० | ६३४६० | १२५०४५ | ६८००० | १९३०४५ |
| ४ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १८२ | ८४ | ४८४०६ | ० | २ | १५६ | १८२ | ८२ | ४८२५० | ३४१६ | ९६८१ | ३२०९३ | ० | ० | ४१७७४ | २७६ | २७८४ | ३०६० |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३ | ५ | ३८१२० | ० | ० | ० | ३ | ५ | ३८१२० | १५२ | ३३२९१ | ४६७७ | ० | ० | ३७९६८ | ० | ० | ० |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४६ | ० | ० | ० | ० | ० | ४६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५४ | १२७ | ३७७८४८ | ० | १७ | २०१७९ | ३५४ | ११० | ३५७६६९ | २६९४८ | ५१७०५ | ८५४९६ | ० | ० | १३७२०१ | ५५ | १९३४६५ | १९३५२० |
| ८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ८२ | २२ | १२१५७४ | ० | ० | ० | ८२ | २२ | १२१५७४ | २४६८ | १६३९ | ११७४५७ | ० | ० | ११९०९६ | १० | ० | १० |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | | **८४७** | **३७२** | **८६८९६१** | **०** | **२२** | **२३१६०** | **८४७** | **३५०** | **८४५८०१** | **४७९६१** | **१११३८३** | **२९६७०२** | **०** | **०** | **४०८०८५** | **१२५५०६** | **२६४२४९** | **३८९७५५** |

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

# आय-व्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजू बर्गिकरण
## २०७५।७६

(रु. हजारमा)

| क.सं. | मन्त्रालयर निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्न | नियमित गर्नुपर्नें | | | | | पेस्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्नां नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | सेती अञ्चल अस्पताल, धनगढी | १८ | ४ | ८१४९ | ० | ० | ० | १८ | ४ | ८१४९ | ६३८३ | ० | १४३४ | ० | ० | १४३४ | ० | ३३२ | ३३२ |
| २ | महाकाली अस्पताल, कन्चनपुर | १० | ४ | १८८०९ | ० | ० | ० | १० | ४ | १८८०९ | १११ | १८६९८ | ० | ० | ० | १८६९८ | ० | ० | ० |
| ३ | डडेलधुरा अस्पताल, डडेलधुरा | ५ | २ | ३०३२ | ० | ० | ० | ५ | २ | ३०३२ | ० | २८९४ | १३८ | ० | ० | ३०३२ | ० | ० | ० |
| ४ | टिकापुर अस्पताल, कैलाली | ७ | १ | ८० | ० | ० | ० | ७ | १ | ८० | ० | ० | ८० | ० | ० | ८० | ० | ० | ० |
| ५ | जिल्ला अस्पताल बाजुरा | ९ | ७ | ६२५६ | ० | ० | ० | ९ | ७ | ६२५६ | ८६ | ० | ६१७० | ० | ० | ६१७० | ० | ० | ० |
| ६ | जिल्ला अस्पताल, डोटी | ९ | १ | ६६४ | ० | ० | ० | ९ | १ | ६६४ | ० | ० | ६६४ | ० | ० | ६६४ | ० | ० | ० |
| ७ | जिल्ला अस्पताल, बझाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | जिल्ला अस्पताल अछाम | ९ | ० | ० | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | जिल्ला अस्पताल, बैतडी | १२ | ३ | ८३ | ० | ० | ० | १२ | ३ | ८३ | ४ | ० | ७९ | ० | ० | ७९ | ० | ० | ० |
| १० | जिल्ला अस्पताल, दार्चुला | ९ | ० | ० | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | गोकुलेश्वर अस्पताल, दार्चुला | ४ | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **९२** | **२२** | **३७०७३** | **०** | **०** | **०** | **९२** | **२२** | **३७०७३** | **६५८४** | **२१५९२** | **८५६५** | **०** | **०** | **३०१५७** | **०** | **३३२** | **३३२** |

अनुसूची-११
(प्रतिवेदनको परिच्छेद २ दफा २ सँग सम्बन्धित)

## सरकारी कार्यालय तर्फ (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बेरुजू फछ्र्यौट तथा सम्परीक्षणको विवरण २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | गत वर्ष सम्मको बाँकी | सम्परीक्षण भएको | गत वर्ष सम्मको बाँकी | यो वर्षको थप | दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू | दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू मध्ये पेस्की |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | ५९५९ | ३१५ | ५६४४ | ८४५८०१ | ८५१४४५ | ३८९७५५ |
| २. | समिति तथा अन्य संस्थातर्फ | ० | ० | ० | ३७०७३ | ३७०७३ | ३३२ |
| | **जम्मा** | **५९५९** | **३१५** | **५६४४** | **८८२८७४** | **८८८५१८** | **३९००८७** |

अनुसूची-१२
(प्रतिवेदनको परिच्छेद १ दफा ८ सँग सम्बन्धित)

## प्रदेश सरकारले संघीय कार्यालयलाई दिएको बजेटको खर्च विवरण
## २०७५।७६

(रु. हजारमा)

| क्र.सं. | जिल्ला | कार्यालय | चालू खर्च | पूँजीगतखर्च | कुल खर्च |
|---|---|---|---|---|---|
| १. | डडेलधुरा | जिल्ला समन्वय समिति | १४५ | ० | १४५ |
| २. | | शिक्षा विकास तथा समन्वय इकाई | १६९२ | १०३८४ | १२०७६ |
| ३. | दार्चुला | जिल्ला समन्वय समिति | २०० | ० | २०० |
| ४. | | शिक्षा विकास तथा समन्वय इकाई | १९०१ | ९९०० | ११८०१ |
| ५. | अछाम | जिल्ला समन्वय समिति | २१२ | १९४ | ४०६ |
| ६. | | शिक्षा विकास तथा समन्वय इकाई | ५५०१ | १५००० | २०५०१ |
| ७. | बाजुरा | जिल्ला समन्वय समिति | २०० | १४८ | ३४८ |
| ८. | | शिक्षा विकास तथा समन्वय इकाई | २५० | १२६३२ | १२८८२ |
| ९. | बझाङ | जिल्ला समन्वय समिति | २०८ | १२४ | ३३२ |
| १०. | | शिक्षा विकास तथा समन्वय इकाई | १९०१ | ११४०० | १३३०१ |
| ११. | कैलाली | जिल्ला समन्वय समिति, | २९९ | ३४२ | ६४१ |
| १२. | | शिक्षा विकास तथा समन्वय इकाई | १४००७ | ४७६९८ | ६१७०५ |
| १३. | कञ्चनपुर | जिल्ला समन्वय समिति | २०० | ३४२ | ५४२ |
| १४. | | शिक्षा विकास तथा समन्वय इकाई | १८९० | २७७६४ | २९६५४ |
| १५. | डोटी | जिल्ला समन्वय समिति | ४०६ | १२१ | ५२७ |
| १६. | | शिक्षा विकास तथा समन्वय इकाई | १०९६ | १२०९९ | १३१९५ |
| १७. | बैतडी | जिल्ला समन्वय समिति | ३१९ | १०७ | ४२६ |
| १८. | | शिक्षा विकास तथा समन्वय इकाई | १९०० | ९३६० | ११२६० |
| | | **जम्मा** | **३२३२७** | **१५७६१५** | **१८९९४२** |

अनुसूची-१३

(प्रतिवेदनको परिच्छेद २ दफा ३.१ सँग सम्बन्धित)

# लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सोअवधिको बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामावली | अवधि | | आ.व. २०७५/७६ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | प्रदेश सभा सचिवालय | प्रदेश सचिव श्री बालाराम शर्मा | २०७५।०४।०१ | २०७५।१२।२० | २५९६ | १.२५ |
| | | निमित्त सचिव श्री तेज प्रकाश जोशी | २०७५।१२।२१ | २०७६।२।२९ | | |
| | | सचिव श्री रामसिंह धामी | २०७६।३।१ | २०७६।३।३१ | | |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री प्रदिपराज कंडेल | २०७५।४।१ | २०७५।७।१८ | ६१२० | ६.७५ |
| | | कानुन सचिब श्री यज्ञ भट्टराई | २०७५।७।१९ | २०७५।१२।३१ | | |
| | | कानुन सचिब श्री किशोर कुमार चौधरी | २०७६।१।१ | २०७५।३।३१ | | |
| ३. | सामाजिक विकास मन्त्रालय | सचिव श्री गोगन बहादुर हमाल | २०७५/४/१ | २०७६/३/३१ | ३०८५४५ | ८.३१ |
| ४. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | सचिव श्री सुधीर कुमार कोइराला | २०७५/४/१ | २०७५/१०/२२ | ४८२५० | २.१४ |
| | | सचिव श्री मेघनाथ काफ्ले | २०७५/१०/२३ | २०७६/३/३१ | | |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सचिव श्री शंकर अर्याल | २०७५/४/१ | २०७५/८/३१ | ३८१२० | २५.२९ |
| | | सचिव श्री भरत कुमार बुढाथोकी | २०७५/९/१ | २०७६/३/३१ | | |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री राजेश्वर ज्ञवाली | २०७५/४/१ | २०७५/११/२३ | ० | ० |
| | | सचिव श्री गोपाल प्रसाद अर्याल | २०७५/१२/१ | २०७६/३/३१ | | |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव श्री इन्द्र देव भट्ट | २०७५/४/१ | २०७६/३/३१ | ३५७६६९ | ४.९२ |
| ८. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सचिव श्री यज्ञराज जोशी | २०७५/४/१ | २०७५/६/४ | १२१५७४ | ११.८८ |
| | | सचिव श्री रविन्द्र बहादुर प्रधान | २०७५/६/५ | २०७६/१/१ | | |
| | | सचिव श्री महेशराज विष्ट | २०७६/१/२ | २०७६/३/१५ | | |
| | | नि. सचिव श्री खगेन्द्र प्रसाद शर्मा | २०७६/३/१६ | २०७६/३/३१ | | |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | उप सचिव श्री विष्णु प्रसाद पौडेल | २०७५/४/१ | २०७५/७/३२ | ० | ० |
| | | शा.अ. श्री इश्वर द्रत्त जोशी | २०७५/८/१ | २०७५/११/३१ | | |
| | | उप सचिव श्री फटिकराज मुडवरी | २०७५/१२/१ | २०७६/३/३१ | | |

अनुसूची-१४

# संचित कोषको वार्षिक आर्थिक विवरण

| क्र.स | आय विवरण | रकम | जम्मा रकम | क्र.स. | व्यय विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| **१** | गत वर्षको मौज्दात (.ल्या .अ) | | ७६०६८३३२७११. | **१** | जम्मा चालु खर्च | | ६९३०७८७९६०७५. |
| **२** | राजश्व (आन्तरीक स्रोत( | | ६५९०९०५००५३१. | २१००० | पारिश्रमिक तथा सुविधा | **७९९६३३६४६७६.** | |
| क | कर राजश्व | ५९६४६७८९५७३७. | | २२००० | मालसामान तथा सेवाको उपयोग | **३४५१३७२१५२०२.** | |
| ख | गैर कर राजश्व | ६१९००३६९५२३. | | २३००० | स्थिर सम्पतिको उपभोग खर्च | **०००.** | |
| ग | अन्य राजश्व | ०००. | | २४००० | ब्याज, सेवा शुल्क तथा कमिशन | **०००.** | |
| घ | गत वर्षको नगद मौज्दात तथा वेरुजु | ७२२२३५२७१. | | २५००० | सहायता (Subsidy) | **५७८९०६१७९१८.** | |
| **३** | **अनुदान** | | | २६००० | अनुदान | **१८५०८७६१८५७९.** | |
| ३१. | संघिय सरकारवाट हस्तान्तरित अनुदान | | १५१९१६१८०००००. | २७००० | सामजिक सुरक्षा | **२१७८६२८२३००.** | |
| क | सामानिकरण अनुदान | ७९२४७००००००००. | | २८००० | अन्य खर्च | **३२१३६९७४००.** | |
| ख | सशर्त अनुदान | ५६७९१५३००००००. | | | स्रोत अनुसार चालु खर्च विवरण | | |
| ग | समपुरक अनुदान | ८००००००००००. | | १ | समानिकरण अनुदान | २१८२७०७३७२०७. | |
| घ | विशेष अनुदान | ७८७७६५०००००. | | २ | शसर्त अनुदान | २१८७३७७६२००७. | |
| ३२. | सोधभर्ना अनुदान | | ०००. | ३ | आन्तरिक | २३४४४९२५०२६१. | |
| ३३. | सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) | | ०००. | ४ | विशेष अनुदान | २१६२१०४६६००. | |
| ३४. | वस्तुगत अनुदान | | ०००. | ५ | समपुरक अनुदान | ०००. | |
| **४** | वित्तिय व्यवस्था | | ०००. | **२** | जम्मा पुजिगत खर्च | | ७२३२६०३१५४५५. |
| क | ऋण लगानि फिर्ता आन्तरिक र ) (वाह्य | ०००. | | ३११०० | स्थिर सम्पति खर्च | **७२३२१३९३५४५५.** | |
| ख | शेयर विक्रि | ०००. | | ३१२०० | मौज्दात सामानहरु | **०००.** | |
| ग | ऋण प्राप्ति (आन्तरिक र वाह्य) | ०००. | | ३१३०० | बहुमूल्य सामानहरु | **०००.** | |
| **५** | अन्य विविध आम्दानि | | | ३१४०० | प्राकृतिक सम्पति | **४६३८००००.** | |
| | | | | | स्रोत अनुसार पुजीगत खर्च विवरण | | |
| | | | | १ | समानिकरण अनुदान | २५४२३३००९५९९. | |
| | | | | २ | शसर्त अनुदान | २२६७३६५२४२९०. | |
| | | | | ३ | आन्तरिक | २१०७१५९७२७६६. | |
| **६** | चालु आर्थिक वर्षको जम्मा आम्दानी (२ देखी ५) | | २१७८२५२३००५३१. | ४ | विशेष अनुदान | २६२१२८९८०००. | |
| **७** | प्रदेश आकस्मिक कोष खाताको अल्या रकम | | ५०००००००. | ५ | समपुरक अनुदान | ५३६१९१०८००. | |
| | | | | **३** | वित्तिय व्यवस्था | | ०००. |
| | | | | क | ऋणको सावा भुक्तानी आन्तरिक ) (र वाह्य | ०००. | |
| | क्र स २ को आन्तरिक आम्दानिलाई RMIS को विवरण | | | ख | ऋण लगानी | ०००. | |
| | | | | ग | शेयर लगानी | ०००. | |
| | | | | **४** | कार्यालयबाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | | -११५३५७६००. |
| | | | | | **जम्मा खर्च** | | **१४१६२२३७५३९३०.** |
| | | | | | संघिय सरकारलाइ फिर्ता हुने शसर्त,समपुरक र विशेष अनुदानको वचत रकम | | २२८०२१६५८३०३. |
| | | | | | **कुल खर्च** | | **१६४४२४५४१२२३३.** |
| | | | | | #यस आवको हुनुपर्ने वचत रकम | | ६१०५७५२२१००९. |
| | विगत आर्थिक वर्षको अल्या समेतको कुल मौज्दात | | २२५४८२०६३३२४२. | | | | २२५४८२०६३३२४२. |
| | # यस आवको हुनुपर्ने वचत रकमको थप विवरण | | | | | | |
| १ | २०७५ श्रावण र भाद्रको मुल्य अभिवृद्धि कर र अन्त शुलक वांडफांडको रकम:RMIS मा जम्मा भइ प्रदेश संचित कोषमा आउन वांकी | | | | | | ९२८४४३६७३०७. |
| ५ | वैकिङ्ग हिसाव अनुसार अषाढ मसान्तको मौज्दात | | | | | | ५१७७३०८५३७०२. |

बासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक

# समिक्षात्मक टिप्पणी

- यस प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइको रुपमा समेत काम गरि रहेका संघिय कोष तथा लेखा नियन्त्रक कार्यालयहरुवाट आ.व. २०७५/७६ को सुदूर पश्चिम प्रदेशका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरि तयार भएको प्रतिवेदनहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

- २०७५/७६ मा प्रदेश सरकारको कुल निकासा खर्च रकम रु. १४१६३२९१०९५।३० भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने आन्तरिक लेखापरीक्षणको बेरुजू अंक ५१८७७४७११.८५ देखिन आएको छ । निकासा खर्चको अनुपातमा बेरुजु ३.६६ प्रतिशत हुन आउँछ ।

- कुल बेरुजू मध्ये पेश्की बाँकी बेरुजू अंक ४२९२३२७५०.६० अर्थात ८२.७३% रहन गएको छ। म्याद ननाघेको पेश्की रकम समेत यसमा समावेस रहेको छ।

- कुल बेरुजू मध्ये नियमित गर्नु पर्ने बेरुजू अंक ८५७४३९८५.६५ अर्थात १६.५२% रहन गएको ।

- कुल बेरुजू मध्ये असुल गर्नु पर्ने बेरुजू अंक ३७९७९७५.५२ अर्थात ०.७५% रहन गएको ।

- जिल्लागत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी डडेल्धुरा जिल्लाको रु. १७४८९३९५३.४ अर्थात ३३.७१ प्रतिशत र सबैभन्दा घटि दार्चुला जिल्लाको रु. १०६१८००.०० अर्थात ०.२० प्रतिशत देखिन्छ ।

- मन्त्रालयगत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको रु. २७०६३५३५१.७ अर्थात ५२.१६ प्रतिशत र सबैभन्दा घटि आर्थिक मामिला तथा योजना मन्त्रालयको बेरुजू अंक शुन्य देखिन्छ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूको आधारमा आन्तरिक लेखापरीक्षण सम्बन्धी ज्ञान, सीप र अनुभवको लागि लेखा परिक्षण सम्बन्धी तालिमको अनिवार्य आवस्यकता छ ।प्रचलित ऐन तथा नियममा भएका परिबर्तन समेत लाइ हेरेर अन्तरक्रिया र गोष्टी संचालन गर्नु पर्ने देखिन्छ ।

- प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने महत्वपूर्ण कार्य मध्ये प्रदेश सञ्चित कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने हो भने आन्तरिक लेखापरीक्षण गर्ने कार्य दोस्रो महत्वपूर्ण कार्य हो । आगामी दिनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण लाइ बस्तुनिष्ठ र प्रभावकारी बनाउन लेखापरीक्षणका मापदण्डहरू लागु गरि सुधारका क्रियाकलापहरू गर्नुपर्ने देखिन्छ ।

बासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक